वर्ष : १३, अंक : ३१, काठमाडौं, २०७४ मंसिर ८ गते शुक्रबार 24 November 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## महन्थ ठाकुरलाई बागी र वामको चुनौती



काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका संयोजक एवं महोत्तरी निर्वाचन क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार महन्थ ठाकुरलाई आफ्नै बागी र वामगठबन्धनका उम्मेदवारको चुनौती देखिएको छ । सो क्षेत्रमा संयोजक महन्थ ठाकुरसँगै राजपा नेपालकै बागी उम्मेदवार चन्देश्वर झा र नेकपा (एमाले)का उम्मेदवार विजयकुमार चौधरीले पनि चुनावी अभियान बढाएका छन् । अहिले तीनैजनाले मतदाता फकाउने कामलाई तीव्रता दिएका छन् । संयोजक ठाकुरले मधेशलाई अधिकार सम्पन्न, विभेद्बाट मुक्ति, न्यायोचित सम्मान र चौतर्फी विकासका लागि यसपालिको चुनावमा मतदातालाई मधेशको सम्पूर्ण निर्वाचन क्षेत्रमा मधेशी नेतालाई जिताएर सम्पूर्ण मधेशलाई मधेशीमय बनाउन आग्रह गर्दै मतदातालाई आफ्नो पक्षमा मतदान गर्न फकाउँदै छन् । उनी मतदातालाई प्रदेश नं २ मा मधेशी सरकार बनाएर आफ्नो विशेष पहिचान कायम गर्न आग्रह गर्छन् भने आफ्नो स्वभिमान, सम्मान र अधिकारको रक्षा केवल मधेश सरकारबाट हुने दाबी गर्दै मतदातालाई आफूलाई भोट हाल्न आग्रह गर्छन् । राजपा नेपालको समर्थनमा नेपाली कांग्रेसले समेत उम्मेदवारी फिर्ता लिएपछि आफू निर्वाचन जित्नेमा संयोजक ठाकुर विश्वस्त देखिएका छन् । राजपा नेपालकै बागी उम्मेदवार बनेका चन्देश्वर झा आफू जित्ने दाबी गर्छन् भने वामगठबन्धनबाट एमालेका उम्मेदवार विजयकुमार चौधरी यसअघिको निर्वाचनमा यस क्षेत्रबाट एमालेले नै जितेकाले यसपालि पनि एमालेले नै जित्ने दाबी गर्छन् ।

## चुनावपछि एकता : उपेन्द्र यादव



राजविराज । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले राष्ट्रिय जनता पार्टी (राजपा) नेपालसँगको चुनावी तालमेल मधेशी जनताको अधिकार प्राप्तिका लागि भएको बताएका छन् । राजविराजमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले भने, 'यसको सफलतापछि पार्टी एकताको प्रक्रियालाई पनि अगाडि बढाइने छ ।' अध्यक्ष यादवले संविधान संशोधन, मधेसीको पहिचान, अधिकार र राज्यमा मधेशीको सहभागिताका लागि प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा आफ्नो पार्टीले चुनावी तालमेल गरेको र यो सफल हुने दाबी गरे । मधेसको अधिकार प्राप्ति नभएसम्म मधेशीको लडाइँ समाप्त नहुने उल्लेख गर्दै उनले मधेशी गठबन्धनले बहुमत प्राप्त गरेमा मधेशीको अधिकार सुनिश्चित हुने विश्वास व्यक्त गरे ।

अध्यक्ष यादबले काँग्रेस, एमाले र माओवादी केन्द्रले जति मीठो भाषण र आश्वासन दिए पनि मधेशी हितमा नभएको आरोप लगाउँदै राज्यमा सबैभन्दा बढी कर तिर्ने मधेशमा सरकारी लगानी अत्यन्त कम भएको बताए । उद्योगधन्दाका लागि स्वदेशी तथा विदेशी लगानी वृद्धि गर्ने र कृषि उद्योगमा जोड दिने पनि उनले बताए ।

## चुनावपछि पनि मधेश आन्दोलन : महतो



जनकपुर । राष्ट्रिय जनता पार्टीका अध्यक्ष मण्डलका नेता राजेन्द्र महतोले मधेस र मधेशी जनताको आधारभूत आवश्यक्ता पूरा गर्ने जिम्मेवारी मधेशवादी दलको काँधमा आएको बताएका छन् । धनुषाको नगराइन नगरपालिकास्थित लगमा आज आयोजित चुनावी सभामा उनले मधेशीको हक अधिकार, स्वाभिमान र सम्मानको रक्षाका लागि मधेशवादी दलकै पक्षमा मतदान गर्न सबैमा अपिल गरे । धनुषा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत रहेका नेता महतोले भने, 'मधेशी जनताकै मत लिएर मधेशी जनतामाथि नै गोली चलाउने हत्यारालाई यस पटकको निर्वाचनबाटै मधेशी जनताले हिसाब लिने छ ।' हाम्रो आन्दोलन मधेशअधिकार सम्पन्न नभएसम्म जारी रहने उल्लेख गर्दै उनले मधेशी जनतालाई अधिकार सम्पन्न नबनाएसम्म आन्दोलन नरोकिने बताए । नेता महतोले राजपा जिते मात्रै मधेशको जित हुने बताउँदै भने, 'मधेशलाई अधिकार सम्पन्न र बराबरीको हक दिलाउन राजपालाई जिताउनुस् ।' कांग्रेसले देशलाई घाटा मात्रै गरेको भन्दै महतोले भने, 'काँग्रेस सधैँ सत्तामा रहेको छ, तर पनि यहाँका जनकपुर चुरोट कारखाना बन्दभयो, जनकपुर भिट्ठामोड, जटहीलगायतका सडकको अवस्था जीर्ण छ, यहाँसम्म कि जानकी मन्दिरलाई पनि विश्व सम्पदा सूचीमा ल्याउन सकिएन् । राजपा जितेर गयो भने यी सबै मुद्दाको सम्बोधन हुन्छ ।'

# राजपाको चुनावी घोषणा पत्र

### समृद्ध मधेशको परिकल्पना, मधेशी शहीदलाई ५० लाख, कृषिमा आधुनिकीकरण

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय जनता पार्टी नेपाल (राजपा)ले चुनावी घोषणापत्र सार्वजनिक गरेको छ । महोत्तरीको जलेश्वरमा बिहीबार सार्वजनिक गरिएको घोषणापत्रमा राजपाले कृषकलाई सहुलियत ऋणदेखि उमेर पुगेर विवाह गर्ने महिलालाई मंगलसुत्र दिनेसम्मको विषय उल्लेख गरेको छ । 'पहिचान, अधिकार र सम्मान, राजपा नेपालको दृढ अडान' भन्ने चुनावी नारासहित तयार पारिएको घोषणापत्र अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर, नेता राजेन्द्र महतोको लगायतले सार्वजनिक गरे ।

घोषणापत्रमा र पहिचान, स्थान, अधिकार र स्वाभिमानको संघर्षलाई जारी राख्दै देशको चौतर्फी विकास द्रुत गतिमा हुनुपर्ने उल्लेख गरिएको छ । राज्यको बेवास्तामा परेको मधेश र थरूहट क्षेत्रको विकासलाई अबको सर्वाधिक प्राथमिकताको विषय बनाउने राजपाको घोषणमा पत्रमा उल्लेख छ । बाढीपहिरोको स्थायी समाधान, हुलाकीमार्ग तीव्र निर्माण, थप सडक सञ्जाल र रेल सेवाको विस्तार, काठमाडौं-निजगढ द्रूतमार्ग र निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, जनकपुर-अन्तर्राष्ट्रिय पर्यटन स्थल एवम् विश्व हिन्दू केन्द्र स्थापना गर्ने उल्लेख छ । राजपाले हरेक वर्ष तराई-मधेशको समथर मैदानमा आउने बाढीको स्थायी समाधानका लागि वैज्ञानिक योजना बनाएर बाँध र कल्भर्ट निर्माण, वर्षायामको पानीको उचित निकास, चुरेभावरको प्रभावकारी संरक्षण एवम् व्यापक वृक्षारोपणको कार्यक्रम सञ्चालन गर्ने घोषणापत्रमा उल्लेख छ । यस्तै, राजपाले सूचना प्रविधि र इन्टरनेटको सेवा उपलब्ध नभएका तथा गुणस्तरीय नभएका ठाउँहरूमा सुलभ र सस्तो इन्टरनेट सेवा उपलब्ध गराउने, सरकारी र सार्वजनिक विद्यालयहरूमा निशुल्क इन्टरनेटको व्यवस्था



*चुनावी घोषणापत्र सार्वजनिक गर्दै राजपाका संयोजक महन्थ ठाकुरलगायतका नेतागण ।*

गर्ने जनाएको छ । उच्च शिक्षा र वैदेशिक रोजगारमा जान चाहने युवाहरूका लागि धरौटीसहित ऋण उपलब्ध गराउने राजपाले गर्ने आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ । नयाँ प्रविधिको प्रयोग, पैदावारको औद्योगिकीकरण, मल खाद्यको सस्तो र

घोषणापत्रको पूर्णपाठ पृष्ठ ५ मा

आफ्नो घोषणापत्रमा उल्लेख गरेको छ ।

विवाहमा मंगलसुत्र ! 'महिलाका लागि उच्च शिक्षा नि:शुल्क गर्ने, हरेक नवजात शिशु (बालिका) जन्मनासाथ उसको सुरक्षित भविष्यका लागि आमाको संरक्षकत्वमा १० हजार रूपैयाँ अनुदान दीर्घकालीन मुद्धति खाता खोली बैंकमा जम्मा गरिनेछ, जुन बालिका १८ वर्ष पुगेपछि आवश्यकता अनुसार ब्याजसहितको एकमुष्ट रकम प्रयोग गर्न सक्नेछन्,' घोषणापत्रमा भनिएको छ । राजपाले आफ्नो घोषणापत्रमा प्लसटुसम्मको शिक्षा प्राप्त गरेका र उमेर पुगेका युवतीलाई विवाहको समयमा आधा तोला सुनको मंगलसुत्र वा सो बराबरको रकम प्रदान गर्ने समेत उल्लेख छ ।

**किसानका लागि के छ ?**

किसानमैत्री कार्यक्रमलाई जोड दिँदै राजपालो कृषि क्षेत्रको आधुनिकीकरण सहज उपलब्धता गराउने उसको घोषणापत्रमा छ । किसानको प्रोत्साहनका लागि राजपाले आफ्नो घोषणापत्रमा कृषकलाई कृषि ऋण तथा नयाँ बजार विस्तार गर्दै कृषि क्षेत्रको विकास गर्ने उल्लेख छ । गरिबीको रेखामुनि रहेका अति विपन्न नेपालीको जीवन स्तर उकास्न त्यस्ता नागरिक पहिचान गरी उनीहरूलाई सहुलियत मूल्यमा चामल र अन्य दैनिक सामग्री सहज उपलब्ध गराउने व्यवस्था गर्ने घोषणापत्रमा उल्लेख छ ।

**शहीद परिवारलाई ५० लाख**

पार्टीले मधेश आन्दोलनका क्रममा मृत्यु भएका परिवारलाई मधेश सरकारले ५० लाख रूपैया दिने घोषणा पनि गरेको छ । घोषणापत्र सार्वजनिकीकरण कार्यक्रममा नेता राजेन्द्र महतोले आन्दोलन चलिरहेकै बेला घोषणा गरेको मधेश आन्दोलनका शहीद परिवारलाई ५० लाख रूपैया दिने बताए ।

नेता महतोले मधेश आन्दोलनमा सहादतप्राप्त गरेका प्रत्येक परिवारलाई ५०/५० लाख रूपैया क्षतिपूर्ति दिनाका साथै परिवारका आश्रित बालबालिकालाई नि:शुल्क उच्च शिक्षा र प्रत्येक परिवारबाट एक/एकजनालाई मधेश सरकारले रोजगारी दिने प्रतिबद्धता पुन: प्रकट गरे ।

नेता महतोले मधेशमा मधेश सरकार बनाउन र मधेशी शहीदको सपना साकार गर्न आसन्न प्रतिनिधि र प्रदेशसभा निर्वाचनमा राजपा नेपाललाई बहुमतका साथ जिताउन सबैसँग अपिल गरे ।

**युवा नेतृत्वलाई अवसर दिइने**

यस्तै, राजपाले २०४६ पछि देशले क्षमतावान राजनीतिक नेतृत्व नपाएकाले देश दुराअवस्थामा पुगेको निष्कर्ष निकालेको छ ।

'नेतृत्वको सक्षमता उसको सकारात्मक सोच, दुरदर्शी विचार, नागरिकप्रतिको इमान्दारिता, राष्ट्रहितप्रतिको समर्पण, जनभावनाको कदर, कार्यकुशलता एवं विश्वसनीयता, मुलुक र समाजको आवश्यकता वारे सहि जानकारी, सटिक नीति निर्माणको खुबी र सबैलाई संगै लिएर हिंडने क्षमता आदिमा झल्किने गरेको हुन्छ र अपवादको रूपमा एक वा दुई जनाको कुरा न गर्ने हो भने ४६ सालपछि नेपाली राजनीतिमा देखिएका सबै पात्रहरू आफ्नो,आफ्नो परिवार र आफ्नो आसेपासेको सीमित स्वार्थमा रूमल्लिएका निम्न स्तरीय राजनीतिक खेलाडी मात्र साबित भएका छन्', राजपाको घोषणापत्रमा भनिएको छ, 'नेपालको अहिलेको दुरावस्था यसकै परिणाम हो । यो परिवन्दलाई समाप्त पार्नु पर्छ र योग्य, कर्मठ, समर्पित, संघर्षशील र क्षमतावान युवा नेतृत्वलाई अवसर दिनुपर्छ ।'

## उपेन्द्रको प्रस्ताव : मधेशमा ५०/५० गरौं

काठमाडौं । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशमा कांग्रेससँग राजपा र फोरम नेपालको गठबन्धनले चुनावी तालमेल गर्नेबारे अन्तिम प्रयास गरिरहेको खुलासा गरेका छन् । उनले २ नम्बर प्रदेशमा कांग्रेससँग ५०/५० प्रतिशतमा कुरा मिलाउनेबारे आफूहरूको तर्फबाट प्रयास भइरहेको जानकारी दिए । यादवले भने,'हामी मधेशमा ५० प्रतिशत कांग्रेससँग तालमेल गर्नुपर्छ भनेर लागेका छौं । राजपा नेपालकका अध्यक्ष महन्थ ठाकुरजीसँग कुरा गरेको छु, उहाँले पनि कांग्रेससँग ५० प्रतिशतमा राजपा नेपाल-फोरमले सहमति जनाउने भएका छौं ।'




समय-सन्दर्भ

## विकासको सवालमा मधेशी दलको नीति

संगीता रेग्मी



**मधेश भनेको खुला सिमानाका कारण अपराध, लागूऔषध, मानव बेचबिखनको मार्गजस्ता समस्याहरूमात्र होइन, सम्भावनाको केन्द्र पनि हो ।**

आज मधेश हरेक क्षेत्रमा पछि परेको छ र यसको मुख्य दोषी ठूला राजनीतिक दलहरू छन् । मधेशलाई बिगार्ने काम यी ठूलै दलबाट भएको हो । आज मधेश राजनीतिक दलहरूको खेल्ने मैदान भएको छ ।

इतिहासलाई हेर्ने हो भने मधेश एउटा शासित क्षेत्र हो । यहाँ सामन्तवाद, राजतन्त्र र जमीनदारहरूले शासन गरे । जनताको शासित मानसिकताका कारण यो क्षेत्रको उचित विकास हुन सकेन । जो शासक वर्ग थियो, त्यो मधेशका थिएनन । भएकै भए पनि साङ्केतिकमात्र थिए । यो क्षेत्र शासकहरूबाट शोषित रह्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि अधिकारका विषय जुर्मुराएर बाहिर आए । जनतामा आफैबाट शासित हुनुपर्छ भन्ने भावना उजागर भयो । अहिले राज्यका हरेक क्षेत्रमा समानुपातिक र समावेशी सहभागिताका कुराहरू तराई क्षेत्रलाई पहिल्यैदेखि गरिएको उपेक्षाको उपज हो । शासनको तहमा उनीहरूको सहभागिता पहिल्यैदेखि भएको भए त्यो माग आउने थिएन । परिणाम, सङ्घीयतासहितको संविधान आयो ।

देश अहिले तीन चरणको स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गरी प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा प्रवेश गरेको छ । यो निर्वाचन किन महत्वपूर्ण हो भने देशले पहिलो पटक संघीयताको अभ्यास गर्दै प्रादेशिक सरकार बनाउँदैछ । संघीयता मधेशको देन हो भने मधेश आन्दोलनको उपज पनि हो । संघीयताले देशलाई विकासको मार्गमा डोऱ्याउनुका साथै जनताको हक र अधिकारलाई प्रत्याभूत गर्छ भन्ने मान्यताका साथ मधेश यसका लागि लडेको हो ।

यसै सिद्धान्तको आधारमा विकासको नारा दिएर सबै दलका नेता तथा कार्यकर्ताहरू आफ्नो क्षेत्रमा चुनावी अभियान लिएर मतदातालाई आकर्षण गर्न जनताको घर दैलो पुगेका छन् । आफ्नो जीत सुनिश्चित भईसकेको आकंलन गर्दै उम्मेदवार घरदैलो कार्यक्रममा व्यस्त छन् । संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपालबीचको चुनावी तालमेलले गर्दा विशेष गरी प्रदेश नम्बर २ मा चुनावी रौनक बढेको छ । मधेश आन्दोलनको केन्द्रबिन्दु रहेको २ नम्बर प्रदेशमा राजपा र फोरमको गठबन्धनले आम जनतामा एक किसिमको उत्साह देखिएको छ भने यो गठबन्धनले बहुमत ल्याई प्रादेशिक सरकार निर्माण गर्ने आंकलन गरिंदैछ ।

मधेशमा मधेश दलको सरकार निर्माणको सम्भावना रहे पनि उनीहरूको विकासप्रतिको नीति प्रष्ट छैन् । मधेशको विकासको सवालमा मधेशी दलहरूको स्पष्ट रोडम्याप स्पष्ट नहुँदा भोली मधेशको मार्ग कस्तो हुने, विकासको दृष्टिले मधेशलाई कसरी हेर्ने जस्ता आधारभूत विषयमा जनता अनभिज्ञ छन् ।

सङ्घीयताको मूल उद्देश्य विभिन्न तहबाट विकासको कार्यान्वयन होओस् भन्ने नै हो तर, जब विकास आफ्नो तहबाट गरिन थाल्छ, स्रोतको पहिचान र व्यवस्थापन पनि स्वत: हुन्छ । प्रश्न उठ्न सक्छ, के सङ्घीयता अभ्यासमा आउनेबित्तिकै मधेशको विकास हुन्छ त ? होइन भने अब विकासलाई गति दिन मधेशले के गर्नुपर्छ ? यस क्षेत्रका कमजोरी केके हुन् ? यस्ता प्रश्नको समुचित समाधानमा नै मधेशको विकासका अवरोधहरूको निकास पनि अन्तरनिहीत छ ।

२०६२/६३ को मधेश आन्दोलनसँगै विभिन्न उद्देश्यले मधेशको नाममा राजनीतिक दलहरू खोलिए । नागरिकता, भाषा, समानुपातिक समावेशी प्रतिनिधित्व, समान अधिकार, पहिचान, संघीयता लगायतका माग राख्दै विभिन्न चरणमा आन्दोलन भइरहे तर अधिकारको आन्दोलनमा अगाडि बढिरहँदा विकासमको सवालमा मधेशी दलहरू पछाडि परिरहे । हुलाकी राजमार्ग निर्माण सुरू भएको १० वर्षभन्दा बढी समय भयो तर अहिलेसम्म पूरा भएको छैन । यो विषयमा मधेशी दलहरूले खासै ध्यान दिएको पाईंदैन । समथर भू-भाग रहेको मधेशमा सडक निर्माणमा खासै समस्या रहँदैन । तर, जनकपुर, जलेश्वर, बर्दिबास, नवलपुर, चन्द्रनिगाहपुर, गौर लगायत मधेशका सदरमुकाम जोड्ने अधिकांश सडकको अवस्था जीर्ण रहेको छ । शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई जस्ता विकासका सवालमा मधेशका जिल्लाहरू पछाडि पर्दै आएका छन् ।

राज्यले मधेशको विकासमा ध्यान दिएन, मधेशलाई सधैं हेपिरह्यो भन्ने गुनासो मधेश केन्द्रित दलहरूले गर्दै आएका छन् । तर, राज्यले जति बजेट विनियोजन गरेको छ त्यसको पनि सदुपयोग हुन सकिरहेको छैन । भ्रष्ट्राचार व्यापक छ । हरेक ठाउँमा कमिशनको खेल हुने गरेको छ । जति बजेट केन्द्रबाट विनियोजित भएर गएको छ त्यसको मात्र सही सदुपयोग गर्ने हो भने पनि मधेशमा सडक, शिक्षा, स्वास्थ्य, खानेपानीको अवस्थामा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ । जनताको दैनिकीसँग जोडिएको विषयलाई मधेश केन्द्रित दलले बढी महत्व दिनुपर्ने हुन्छ । आफू केन्द्रमा बसेर मधेशीको अधिकारको विषयमा कुरा उठाउने तर आफ्ना मतदाताको समस्यामा ध्यान नदिनु मधेशी दलको कमजोरी हो । जति मधेशको नाममा राजनीति गरिन्छ त्यति मधेशको विकासमा ध्यान कसैको गएको छैन् । मुलुक संघीयतामा गइसकेको छ भने स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । प्रतिनिधि र प्रदेशसभाको लागि भोट माग्न आ-आफ्नो क्षेत्रमा पुगेका उम्मेदवारहरूले अबको दिनमा आफ्नो क्षेत्रको विकासमा ध्यान दिन जरूरी छ । मतदातालाई आश्वासनभन्दा पनि परिणाम चाहिएको छ । मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा भोट लिनको लागि मात्र प्रयोग नगरी विकासको अजेन्डालाई प्राथमिकतमा राख्नु पर्छ ।

राष्ट्रिय राजनीतिमा मधेशका समुदायबाट प्रभावशाली नेता आउन सकेनन् । राजनीतिले मधेशप्रतिको छवि परिवर्तन गर्नु जरूरी छ । मधेश भनेको खुला सिमानाका कारण अपराध, लागूऔषध, मानव बेचबिखनको मार्गजस्ता समस्याहरूमात्र होइन, सम्भावनाको केन्द्र पनि हो भन्ने मान्यता स्थापित हुनुपर्छ । यसमा राजनीतिको भूमिका बढी हुन्छ । त्यसैले मधेशबाट नेतृत्व गर्ने नेताले आफूलाई समयसापेक्ष अद्यावधिक गर्नु जरूरी छ ।



# सम्पादकीय



## मधेशमा वाम गठबन्धन भर्सेस अन्य दल

स्थानीय तहको निर्वाचनमा राम्रो स्थान ल्याएको एमाले अहिले मधेशवादी दलको साझा निशानामा छ। एमाले 'हराऊ अभियान'मा यी सबैको मन मिलेको छ। प्रतिनिधि तथा प्रदेशसभाको पूर्वसन्ध्यामा मधेशका चोकचोकका चियागफमा एमाले नै केन्द्रविन्दुमा छ। 'मधेशमा एमाले सखाप भयो' भनेर पनि टिप्पणी भइरहेको छर। एमालेका नेताहरूले पटक पटक भन्दै आएको 'संविधान संशोधन र सीमांकन हेरफेर केही नेताको माग हो। यो मधेशी जनताको माग होइन। संविधान संशोधनका लागि मधेशी जनताले आन्दोलनमा ज्यान गुमाएका होइनन्। विकासका लागि आहुति दिए' जस्ता भनाइबाट मधेश र मधेशी जनता एमालेको विरोधमा उत्रिएका छन्। खासमाख संविधान संशोधनमा सहयोग नगरेकै कारण मधेशमा एमालेलाई शुत्र पार्टीको हेर्ने गरिएको छ।

कांग्रेस गढ मानिने धनुषामा राजपाको प्रभाव छ। ग्रामीण क्षेत्रमा एमाले पकड छर। मधेश आन्दोलनको केन्द्रविन्दु जनकपुर उपमहानगरलाई सबै दलले प्रतिष्ठाको विषय बनाएका छन्। मधेश आन्दोलन र संविधान संशोधनलाई कारण बनाउँदै कांग्रेस र राजपा जिल्लामा 'एन्टी एमाले मुभमेन्ट' छ। कांग्रेस नेता तथा धनुषा क्षेत्र नम्बर ३ का प्रतिनिधिसभाका उम्मेदवार विमलेन्द्र निधिले त 'मधेशबाट एमालेलाई सखाप गर्न जनतासँग अपिल' नै गरिरहेका छन्। अहिले सम्पूर्ण मधेशमा राजपा र संघीय समाजवादी फोरमको गठबन्धन एमालेविरूद्ध आक्रामक रूपमा प्रस्तुत भएका छन्। उनीहरूको रणनीति नै 'एमाले हराऊ' हो। राजपा मधेश आन्दोलनका भिडियो, आन्दोलनमा मृत्यु भएका कार्यकर्ताको ब्यानर बोकेर मत मागिरहेको छ। 'एमालेकै कारण मधेश आन्दोलन लम्बिएको र मधेशी कार्यकर्ताले मृत्यु भएको' राजपाले आक्रामक चुनावी प्रचार गरिरहेको छ। मधेशी नेताहरू पनि प्रदेश २ मा एमालेको विपक्षमा उभिने केन्द्रको रणनीति रहेको भन्दै त्यसै अनुरूप मतदातासँग मत मागिरहेका छन्। मधेशी गठबन्धनसँग कांग्रेस पनि एमालेसहितको वाम गठबन्धनलाई 'मधेश विरोधी'का रूपमा चित्रित गरिरहेका छन्।

> निर्वाचनको सम्मुखमा वाम गठबन्धनले मधेशमा आक्रामक राजनीतिक कार्यक्रम बढाए पनि आफ्नो विश्वसनीयतालाई जोगाउन भने सकेको छैन, मौका अनुसार जे पनि बोल्ने र जता पनि लाग्ने व्यवहारका कारण।

मधेशी नेताहरूका अनुसार एमालेविरूद्ध अलि कडा र अन्य दलविरूद्ध आवश्यकताअनुसार रणनीति बनाइएको छ। पहिलो र दोस्रो चरणको स्थानीय तहमा समीकरण गरेका सत्तागठबन्धनका प्रदेश २ को निर्वाचनमा एमाले एक्ल्याउने रणनीति भने सफल भएन। मधेशी दलबीच त्यतिखेर पनि तालमेल हुन सकेन भने आसन्न निर्वाचनमा पनि मधेशी दलहरू लोकतान्त्रिक गठबन्धनबाहिरबाटै चुनावमा होमिएका छन्। लोकतान्त्रिक गठबन्धनमा तालमेल नहुनुमा कांग्रेसको आन्तरिक किचलो रहेको ठम्याइ मधेशी दलहरूको रहेको छ। नेपाली कांग्रेसको राजनीति तराईबाटै शुरू भए पनि अहिले मधेशमा उसको स्थिति कमजोर देखिन्छ। माओवादी र मधेशवादीले 'मधेश विरोधी' कित्ताको भनेर कांग्रेसलाई आरोपित गर्दा उसका कार्यकर्ता नै प्रतिरक्षात्मक बनेका छन्। त्यसो हुँदा मधेश-मुद्दामा गम्भीर नबनेको ऊमाथिको आरोप अरू प्रभावी देखिएको छ।

मधेशी बहुल क्षेत्रमा एमालेको स्थिति अरू दयनीय छ, कांग्रेसलाई जस्तै मधेशका मुद्दालाई बेवास्ता गरेको आरोप लागेका कारण। निर्वाचनको सम्मुखमा वाम गठबन्धनले मधेशमा आक्रामक राजनीतिक कार्यक्रम बढाए पनि आफ्नो विश्वसनीयतालाई जोगाउन भने सकेको छैन, मौका अनुसार जे पनि बोल्ने र जता पनि लाग्ने व्यवहारका कारण। पछिल्लो संविधानसभा निर्वाचनको तथ्यांकको आधारमा कांग्रेस मधेशमा सबैभन्दा ठूलो हैसियत भएको पार्टी हो भने एमाले दोस्रो हो। माओवादी र मधेशी पार्टीहरूको मत लगभग एकै देखिन्छ। त्यही भएर होला संविधान जारी गर्ने बेलामा मधेशी पार्टीहरूले विरोध गरेपछि प्रमुख दलले उनीहरूको हैसियतको समेत प्रश्न उठाएका थिए तर, आन्दोलन चर्किएसँगै प्रमुख दलका नेताहरूको उपस्थिति मधेशमा निषेधात्मक अवस्थामा पुगेको देखियो।

मधेशीहरूको आम बुझाइमा अहिले पनि प्रमुख दलहरू मधेशी विरोधी नै हुन् भन्ने देखिन्छ। विश्लेषकहरूका अनुसार एमालेप्रति त निषेधात्मक मनस्थिति अझै देखिन्छ मधेशमा। अन्य प्रमुख पार्टीहरूको हकमा समेत सकारात्मक वातावरण छैन। एमालेमा लागेका गाउँ तहका मधेशी नेता, कार्यकर्ताहरू आज सामाजिक बहिष्करण झेलिरहेका छन्। काठमाडौंले जेसुकै बोलोस् तर आम मधेशीहरू संविधानप्रति अपनत्व ठान्दैनन् यसका कारकका रूपमा एमालेलाई लिन्छन् उनीहरू।

## साताको सात बात


विश्वमा कम्युनिष्ट आन्दोलन कमजोर भएको बेला पनि नेपालमा कम्युनिष्टहरूले देशको नेतृत्व गर्न सफल भएका छन्। **केपी ओली, अध्यक्ष, नेकपा एमाले**


कम्युनिष्टले तानाशाही शासन स्थापना गर्न खोजेका छन्, देशलाई आर्थिक समृद्धिको बाटोमा लानका लागि सम्पूर्ण जनताले कांग्रेसको पक्षमा मतदान गर्नुपर्छ। हामी देशका डाँडापाखामा समृद्धिको दियो बाल्ने उद्देश्यमा लागेका छौं, वामपन्थीहरू सत्ता मोहमा फँस्दै गएका छन्। **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**


प्रदेश नम्बर २ मा मधेशी गठबन्धनको सरकार बनाउने, संविधान संशोधनलाई पहिलो प्राथमिकता राख्ने, स्थानीय भाषा, संस्कृति र सभ्यताको विकास गर्ने, मैथिली भाषा जान्ने महिलालाई उच्च सरकारी पदमा सहभागी गराइने, मधेशको विकासलाई ध्यान दिने मेरो प्रमुख लक्ष्य छ। **महन्थ ठाकुर, संयोजक, राष्ट्रिय जनता पार्टी नेपाल**


गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रलाई व्यवस्थित गर्ने, ठूला व्यवसायीलाई उद्योग स्थापना गर्न प्रोत्साहन र स्थानियका लागि रोजगारीको अवसर मिलाउने, राजविराज-रूपनी-गाईघाट सडक संचालन गर्ने, राजविराज विमानस्थललाई संचालनमा ल्याउने मेरो प्रमुख योजनाहरू हुन्। **उपेन्द्र यादव, अध्यक्ष, संघीय समाजवादी फोरम नेपाल**


संविधान संशोधन गरी नयाँ संविधानको कार्यान्वयन गर्नु जनकपुरलाई प्रदेश नम्बर २ को राजधानी बनाउनुमा मेरो ध्यान केन्द्रित भएको छ। जनकपुर विमानस्थललाई अन्तराष्ट्रियस्तरको बनाउने र यो क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक सहरका रूपमा विकास गर्नु, सम्पुर्ण पोखरीलाई सौन्दर्यकरण गरी पर्यटनको विकास गर्नु जित पछिको मेरो पहिलो काम हो। **विमलेन्द्र निधि, नेता, नेपाली कांग्रेस**


संविधानमार्फत नयाँ लोकतान्त्रिक गणतन्त्र स्थापित भइसकेको र अब संविधान कार्यान्वयनको चरणमा जान प्रदेश र प्रतिनिधिसभाको निर्वाचन हुन गईरहेको हुनाले माओवादी र कम्युनिट आन्दोलनको औचित्य सकिएको छ। **डा. बाबुराम भट्टराई, संयोजक, नयाँ शक्ति नेपाल**


निर्वाचन आचारसंहिता कार्यान्वयन गराउन निर्वाचन आयोग प्रतिबद्ध छ। अहिले भएका सचविको सरूवामा मलाई कुने जानकारी छैन। यस्तो विषयमा मैले खासै जानकारी पनि राख्ने गरेको छैन। **डा. अयोधीप्रसाद यादव, प्रमुख निर्वाचन आयुक्त**

*प्रस्तुती : संगीता रेग्मी*

# वर्चस्ववादी चुनाव र जनाधिकारका कुरा

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८९



❖ उपेन्द्र झा

वञ्चितीकरणमा परेर पटक-पटक आन्दोलन गरेर अधिकारको आवाजलाई मुखरित गर्ने वर्गलाई सम्बोधन गर्ने, विकासको मूल फुटाएर देशमा रोजगारीको अवसर सिर्जन ागर्ने, शिक्षा, स्वास्थ्य, कृषि तथा आर्थिक विकासलाई तीव्रतर वृद्धि गर्दै देशलाई समृद्धिको बाटोमा लैजाने सर्वसत्तावादी नेपाली शासकको प्रतिबद्धता चुनावी घोषणापत्रमार्फत् दशकौंदेखि आइरहेको छ। केही आकर्षक बुँदाहरू थपघट गरी पार्टीगत घोषणापत्रहरूको अहिले प्रतिनिधिसभा र प्रदेशसभाको आसन्न चुनावमा नवीकरण गरी नयाँ संस्करण बाहिर आएको छ। यी प्रतिबद्धतापत्र सरकारको कार्यनीति बन्दैन। चुनाव सकिएलगत्तै घोषणापत्रको प्रतिबद्धताबाट स्वतन्त्र हुने राजनीतिक दलहरू जनताको प्रश्नको उत्तर दिन चाहँदैन। अथवा उत्तर दिनै परे प्रतिपक्षको टाउकोमा दोष थुपारेर चोखो हुने शासकहरूको परम्परा अभेद्य छ, अखण्ड छ। अधिकारको नाममा, परिवर्तनको नाममा केही नयाँ कुराहरू ल्याइए बाहेक देशले केही पाउन सकेको छैन।

प्रतिबद्धताप्रति किंचित इमान्दार नरहने नेपालको शासकीय मनोवृत्तिले देशलाई पराश्रित बनाइदिएको छ। देशको कार्यभार ग्रहण गर्ने दोस्रो पुस्ताका युवाहरू ५० लाखको संख्यामा पलायन हुन शर्मनाम घटनालाई सहज ढंगले लिने राजनीतिक दलहरू देशप्रति कति विश्सवनीय छ, स्पष्ट हुन्छ।

राजतन्त्र अधिनायकका पंचायती व्यवस्थाले सबै कुरा खायो भनेर जनतालाई उचाल्ने प्रजातान्त्रिक शक्ति र त्यसैका सहयोगी एमालेको हातमा सत्ता आएपछि पनि देशले फड्को मार्न नसकेको र देश पूर्णरूपेण पराश्रित भई दुरावस्थामामा पुग्दा पनि लोकतान्त्रिक शक्तिहरू आत्म आलोचना गर्न स्वीकार गर्दैन्। देशलाई राजतन्त्रमुक्त बनाएर पनि विकासको बाटोमा लैजान कसले रोकेको छ, भन्दैन। प्रतिपक्षतिर संकेत गरेर आफू दोषमुक्त हुनु जनतालाई ठग्ने प्रवृत्ति हो। असलमा जसरी वर्गीय स्वार्थ पूरा गर्न शासन पद्धति राजतन्त्रले विकसित गरेको थियो, लोकतान्त्रिक शक्ति भनाउँदाहरूले पनि सोही बाटो अवलम्बन गरेको हो। राजतन्त्रको सट्टा लोकतन्त्र राखेर वर्गीय स्वार्थ पूरा गर्ने शासकीय मनोवृत्ति जस्ताको त्यस्तै कायम छ।

जनाधिकारको आवाजलाई परास्त गरी वर्चस्ववादी राज्यसत्तालाई आफ्नो अनुकूल नयाँ संस्करणमा प्रस्तुत गरेर रहे पनि अहिलेको चुनावमा दुई ध्रुवमा विभक्त भएका छन्। एमाले र माओवादी केन्द्रको गठबन्धनले नेपाली कांग्रेसलाई एक्लो पारेको छ। कहीं कुरा मिल्ने कहीं नमिल्ने हिसावको सम्झौताको आधारमा नेपाली कांग्रेसले राजपा र ससफोसँग गठबन्धन बनाएको छ। वाम गठबन्धनसँग चुनावी प्रतिस्पर्धा गरिरहेको नेपाली कांग्रेस कमजोर देखिएको छ। पहाडमा वाम गठबन्धनको वर्चस्वले नेपाली कांग्रेस लखेटिने अवस्था छ। मधेशमा मधेशका दलहरूसँगको गठबन्धनबाट केही सीट प्राप्त हुने सम्भावना छ। यसरी देशको राजनीतिमा वाम गठबन्धनले अग्रस्थान प्राप्त गर्ने सम्भावना देखिन्छ।

वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धन दुई ध्रुवमा सबै शक्तिहरू सामेल भएकोले अनेक समस्याहरूको निदान हुने विश्लेषण गरिए पनि राजनीतिक असन्तुलन बढ्ने आशंका छ। स्वार्थवश बनाइएका गठबन्धन समग्रमा केही उपलब्धि ल्याउने होइन, दलीय वर्चस्वबाट शासन गर्ने प्रवृत्ति बढेर जाने खतरा छ। नेपाली कांग्रेस, एमाले र माओवादी विचारले फरक देखिए पनि एउटै सिक्काका दुई पाटा हुन्। स्वार्थवश मिल्ने, फरक देखिने द्वैध चरित्रमा मधेशले नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रलाई प्रष्ट देखेको छ। मधेशको सवालमा एक हुने तीनै शीर्ष दलको वर्गीय चरित्रलाई मधेशले प्रष्ट बुझेको छ। नेपाली कांग्रेसलाई पछारेर बहुमत ल्याएर केन्द्रीय राजनीति कब्जा गर्ने उद्देश्य राखेका वाम गठबन्धन नेपाली कांग्रेसको विपरीत धार अख्तियार गरेका छन्। नेपाली कांग्रेससँग नजिक रहेका एमाले माओवादी केन्द्रसँग गठबन्धन बनाएपछि लोकतान्त्रिक शक्ति कमजोर भएको कुरालाई लोकतान्त्रिक शक्तिकेन्द्रले पचाउन सक्दैन। विपरीत दिशामा फर्किएर रहेको एमाले, माओवादी केन्द्रको गठबन्धन र एकीकरणको निर्णय शक्तिकेन्द्रको निर्देशनबिना भएको मान्न कठिन छ। वाम गठबन्धनको माध्यमबाट आफ्नो स्वार्थ पूरा गर्ने शक्तिकेन्द्रले कम्युनिष्टको शक्तिलाई सशक्त बनाउने र लोकतान्त्रिक शक्तिलाई कमजोर बनाउने चीनको मनोकांक्षा स्पष्ट हुन्छ। मधेशलाई पनि आफ्नो कब्जामा लिएर एकलौटी शासन गर्ने मनोकांक्षा अन्तर्गतको रणनीति बमोजिम वाम गठबन्धनको चुनावी प्रतिस्पर्धा भइरहेको छ।

घोषणापत्रमा जतिसुकै आकर्षक नाराहरू उद्धत गरे पनि वर्चस्ववादी राजनीतिक हैसियत प्राप्त गर्ने उद्देश्यले होमिएका शीर्ष दलहरू शीर्षस्थान ग्रहण गर्ने आकांक्षा राख्छन्। वाम गठबन्धनको नाममा चीनको प्रभाव पनि सशक्त रूपमा नेपाली राजनीतिमा प्रवेश गरेको छ। वाम गठबन्धनको दाँजोमा लोकतान्त्रिक गठबन्धन अनेक विवादमा रहेका कारण अपेक्षित सफलता प्राप्त गर्न सक्दैन।

मधेशलाई विश्वासघात, अविश्वास, ग्लानि र कुण्ठामा फँसाएर आवाजलाई दबाएर आफ्नो शासक लाद्न सफल शासकवर्ग यस चुनावमा पनि मधेश अपेक्षित सफलता प्राप्त नगरून् भन्ने रणनीतिमा चुनाव गरराइरहेका छन्। मधेशमा जातिवादको राजनीतिलाई बढावा दिएर सबैको अस्तित्व खतरामा राखिदिएको छ। जातिवादको राजनीतिमा लिप्त मधेश आफ्नो अस्तित्व समाप्त पार्न उद्धत देखिएको छ। यसकारण पनि मधेश यथेष्ट उपलब्धि लिन वञ्चित हुनेछ। भारतको बिहारबाट विरासतमा लिएको जातिवादी राजनीति र त्यसमा रमाएको मधेशप्रति शासकवर्ग पूर्ण सहानुभूति राखेको छ।

राजपा, ससफो चुनावी गठबन्धन गरी चुनावमा उत्रेको राम्रो पक्ष हो तर, जातिवादी राजनीतिले टुक्रा-टुक्रा पारेको मधेशी एकताका कारण अपेक्षित सफलता प्राप्त गर्न नसक्ने स्थिति छ। जातिवादी विषले मधेशलाई सवाङ्ग निलेको अवस्थामा मधेशका राजनीतिक दलहरूले वाम गठबन्धनसँग पनि कडा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। जनाधार भएका मधेशका नेताहरूको पलायनले मधेशमा पराजित मानसिकताको अन्योलग्रस्त निर्णय पनि विद्यमान रहेकोले मधेशी दलकै नेताहरूलाई मत दिनुपर्ने बाध्यता पनि छैन। यी सबै पक्षलाई विचार गर्दा मधेशी दलहरूको गठबन्धनभन्दा वाम गठबन्धनतिर वा कांग्रेसतिर जीत अग्रसर हुने स्थिति देखिन्छ। विगतमा मधेशी नेताहरूको विवादास्पद व्यवहारले पनि मतदाता फरक निर्णयमा पुगेका छन्। मधेशको अधिकार प्राप्त गर्ने एजेन्डा छाडेर चुनावमा मात्र सीमित हुने तथा आगामी दिनमा अधिकार आन्दोलनसँग नाता तोडेर आफ्नो स्वार्थका लागि मात्र राजनीति गर्ने नेताहरूले मधेशमा जाति प्रभावमा चुनाव लड्न आएका छन्। आफ्नो जिल्लामा जनाधार गुमाएका उपेन्द्र यादव, राजेन्द्र महतो अर्को जिल्लामा जाति खोजेर सप्तरी-२ र धनुषा-३ मा देखिएका छन्।

मधेशले संघीयताको आवाज उठाए पनि संघीय प्रणालीभित्रै मधेशलाई टुक्रा-टुक्रा पारी दिएको छ। मधेशी एकतालाई जीर्ण बनाएर टुक्रा प्रदेशलाई आफ्नो वर्चस्वको राजनीतिभित्र कैद गरेको छ। आफ्नो अधिकार लिन मधेशले तयार पारेको राजनीतिक धरातललाई छिन्नभिन्न पारिएको छ। शदियौंदेखि आत्म समर्पणको अवस्थामा रहेको मधेशलाई पुनश्च: यथास्थितिमा पुऱ्याइएको छ। मधेशी नेताप्रतिको विश्वास हटाएर आफ्नो क्षमतालाई विश्वास गर्न बाध्य गरिएको छ।

मधेशको उपरोक्त तस्वीर हेर्दा विगतमा देखिएको मधेश मुक्तिा लागि उठेको एकताबद्धता आवाज, आन्दोलनप्रति समर्पित जनभावना, शहादत दिने जोश र वर्गीय राज्यसत्ता विरूद्ध प्रदर्शित घृणा कहाँ गए त ? मधेश समक्ष तेर्सिएको यो प्रश्न अनुतरित रूपमा रहेका छन्। यसको उत्तर कसैसँग छैन। विचार त्यागेर स्वार्थलाभका लागि पार्टी चलाएर बस्ने मधेशी अगुवाहरू असलमा आन्दोलनको बागडोर छोडिसकेका छन्। यथास्थितिमा रमाउने यी दलहरू वर्गीय सत्ताकै वरिपरि रहन चाहन्छन्। यिनले वर्गीय राज्यसत्ता समक्ष गरेको आत्म समर्पणबाट मधेशले कति क्षति व्यहोरेको छ, यिनीसँग त्यसको लेखाजोखा छैन।

> मधेश पुनश्च: आत्मसमर्पणको स्थितिमा पुगेका तस्वीरहरू देखिए पनि विगतमा राज्यसत्ता विरूद्ध भएका प्रदर्शनहरू तथा शहादत दिने मधेशी वीर सपुतहरूको जोश आदि सुशुप्तावस्थामा पुगेको छ। यसको अन्त्य भएको छैन।

मधेश पुनश्च: आत्मसमर्पणको स्थितिमा पुगेका तस्वीरहरू देखिए पनि विगतमा राज्यसत्ता विरूद्ध भएका प्रदर्शनहरू तथा शहादत दिने मधेशी वीर सपुतहरूको जोश आदि सुशुप्तावस्थामा पुगेको छ। यसको अन्त्य भएको छैन। मधेशले प्रदर्शन गरेको घृणा र विगतमा राज्यसत्ताको अपमानजनक व्यवहारबाट तिख्खर बनेको मधेशी भावना जुन बेला पनि विस्फोट हुन सक्ने स्थिति विद्यमान रहेको छ। एजेन्डाविहीन शासकवर्गले मधेशलाई जसरी धकेलेर राजनीतिक संज्ञा शून्य बनाएको छ। असन्तुष्टताले ठूलो विस्फोटको रूप धारण गर्नेमा शंका छैन। समाजमा चारैतिर असन्तुष्टताले विषम् परिस्थितिको सिर्जना गरिदिएको छ। पहाडमा दैनिक रूपमा बम विस्फोटनका घटनाहरू भइरहेका छन्। बारूदको ढेरमा बसेर शासन चलाउने शासकहरू निर्वाध स्वार्थको गाडी चलाउन सरल पनि छैन। भविष्यले के गर्भ बोकेको छ यिनलाई पनि थाहा छैन।

*क्रमश:*

janukjha24@gmail.com

# संविधान संशोधन चुनावी एजेण्डा



सुधा मिश्र

यही मंसिर २१ गते दोस्रो चरणमा हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावमा मधेशवादी दलहरूले संविधान संशोधन आफूहरूको प्रमुख एजेण्डा रहेको बताउँदै आएका छन्। जबसम्म यो अधुरो संविधानलाई संशोधन गरी पूर्ण बनाइँदैन तबसम्म यो संविधान सम्पूर्ण नेपालीलाई स्वीकार्य हुने छैन्। खासगरी मधेशमा मधेशीको हक र अधिकारलाई सुरक्षित गर्न कैयौं वीरहरू शहिद भए। उनीहरूको सपना साकार पार्नु पनि संविधान संशोधनको एजेण्डा मधेशी दलहरूको लागि उचित हो।

जबसम्म मधेशीले आफ्नो हक र अधिकार पाउँदैन, तबसम्म शहीदको सपना साकार हुँदैन। संविधान संशोधनका बाधक देखिएका नेकपा एमालेका कारण संशोधन हुन सकेन। माओवादीको सरकार हुँदा पुष्पकमल दाहलले प्रस्ताव सदनमा लगेका थिए। कांग्रेसको सरकारको पालामा शेरबहादुर देउवाले पारित गर्न खोज्दा एमालेको समर्थन नभएकाले संविधान संशोधन हुन सकेन। आफ्नो जीत सुनिश्चित हुने र त्यसपछि संविधान संशोधनको मुद्दालाई बलियो बनाउन सकिने

> मधेशी मर्दा एक दुई वटा आँप रूखबाट झर्दा केही हुँदैन भन्ने जस्ता घृणित भाव मधेशी प्रति राख्नेहरूलाई पक्कै पनि आफ्नो अमूल्य मत दिने छैनन्।

आधार लिएर मधेशवादी दलहरू चुनावमा उत्रिएका छन् घरदैलो अभियान गर्दै भोट माग्न पुगेका छन्। मधेशवादी दलहरूको चुनावी एजेण्डा तब मात्रै सफल हुन्छ जब उनीहरू चुनाव जितेर आउनेछन्। यसको लागि जनताले उनीहरूलाई आफ्नो अमूल्य मत दिएर विजय गराउनु जरूरी छ।

मधेशी मर्दा एक दुई वटा आँप रूखबाट झर्दा केही हुँदैन भन्ने जस्ता घृणित भाव मधेशी प्रति राख्नेहरूलाई पक्कै पनि आफ्नो अमूल्य मत दिने छैनन्। मधेश प्रदेशको माग गर्दा बिहार र युपीमा गएर खोज्ने भन्ने एमालेका नेताहरूलाई सबक सिकाउने समय निर्वाचन नै हो। हामी मधेशी वीर छौं, अब हामीलाई कसैले पनि दमन, शोषण गरेर राख्न सक्दैनन्। हामी सचेत भइसकेका छौं। हामीलाई आफ्नो हक र अधिकार थाहा छ र यसका लागि हामी हिजो पनि लडेका थियौं र अधिकार नपाउन्जेल लडिरहने छौं।

मधेशवादी दलहरूले गरेको प्रतिबद्धतालाई सफल पार्न उनीहरूलाई जनताको साथ चाहिन्छ र जनतालाई आफ्नो हक अधिकार पाउनको लागि माध्यम भनेको मधेशवादी दलहरू नै हुन्। त्यसैले यो मौकामा दुवैले एकले अर्कालाई साथ दिनु अति आवश्यक छ।

राजपा र फोरम गठबन्धन टुक्राउन चाहनेहरू थुप्रै छन्। यिनीहरूलाई टुक्राएर दलगत र व्यक्तिगत फाइदा उठाउनेहरू यहाँ धेरै छन् तर सायद उनीहरू अहिले पनि भ्रममै छन्। अब यस्तो हुन सक्दैन। अब मधेश जागिसकेको छ। मौन अवधिमा पनि बियर र दुई छाक मासु खुवाइ दिएर, क्षणिक लोभ देखाइ दिएर भोट लिन चाहनेहरूलाई यो पटक जनताले देखाउने समय आएको छ। मधेशी दललाई जिताएर पठाउन सक्ने हो भने मधेशीले पनि गर्वका साथ बाँच्न पाउने दिनको सुरूवात हुन्छ। कसैको आँट हुँदैन मधेशीलाई दोस्रो दर्जाको नागरिक भन्ने, मधेशीको पनि आफ्नै मान हुन्छ सम्मान हुन्छ र यो देश नेपालमा समान व्यवहार हुन्छ।

कुनै पनि देशको गौरव बढाउन त्यो देशको जनता गौरवान्वित हुनुपर्छ। कुनै पनि देशलाई शिक्षित बनाउन त्यस देशको जनता शिक्षित हुनुपर्छ त्यसैले मधेशीहरू पनि समृद्ध भए देश समृद्ध हुन्छ।

# वाम गठबन्धको मधेशमा कुनै प्रभाव छैन



**रानीशर्मा तिवारी (महोत्तरी क्षेत्र नम्बर ३ (ख) प्रदेशसभा उम्मेदवार तथा वरिष्ठ उपाध्यक्ष-राजपा नेपाल)**

अहिले हामी चुनावी अभियान लिएर जनताको घरदैलोमा गइरहेका छौं । भोट हाल्ने तरिकादेखि मत बदर हुने कारणहरू बताउँदै मधेशको एजेण्डा उठाउँदै अगाडि बढिरहेका छौं । मैले संविधान संशोधन लगायत, प्रदेश नम्बर २ मा मधेशी गठबन्धनको सरकार बनाउने, महिलालाई निःशुल्क उच्च शिक्षा तथा रोजगार प्रदान गर्ने, जानकी मन्दिर, सिम्रौगढ र सिरहास्थित सल्हेश फूलबारीलाई भारतको अयोध्यासँग जोड्ने, प्रदेशको साधन स्रोतमा कमसेकम ३० प्रतिशत प्रदेशले पाउने गरी आर्थिक नियमवली परिमार्जन गर्ने लगायत कृषि, स्वास्थ्य, शिक्षा, सडक, महिला अधिकारको विषयलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको छु । म घरदैलोमा पुग्दा महिलाहरू बढी उत्साहित भएको पाएको छु । मैले नै कल्पना गरेको थिइन राजपा नेपाललाई जनताले यति साथ दिन्छन् भनेर यहाँ एकदम उल्लासपूर्ण वातावरण मैले पाएको छु । यहाँका मतदाताहरूले आफ्ना समस्याहरू मसँग स्पष्ट रूपमा राख्छन् र अहिलेको संविधानले मधेशलाई अधिकार नदिएको भन्दै गुनासो गर्ने गरेका छन् । संविधानमा मधेशीको हक अधिकार नसमेटिएको भन्दै हामी लामो समयसम्म आन्दोलन गर्‍यौं । तर, नेकपा एमालेले संविधान संशोधन कुनैपनि हालतमा गर्नुहुँदैन यो मुलुकको हितमा छैन भन्दै विरोध गर्दै आयो । माओवादी केन्द्र केही हदसम्म लचिलो देखिएपनि अहिले आएर एमालेसँग मिलेर बनाएको वाम गठबन्धको मधेशमा कुनै प्रभाव छैन । अहिले यहाँ फोरम र राजपाको गठबन्धनले व्यापक समर्थन पाउँदै गएको छ भने बामगठन्धनले जित्छ भन्ने कुनै आधार छैन । मधेश आन्दोलनलाई विभिन्न उपनाम दिएर बदनाम गर्दै संविधान संशोधनमा नसघाएको एमालेप्रति मधेशमा आक्रोश कायम नै छ । मैले यो क्षेत्रमा बामगठन्धनलाई मतदान गर्ने कुनै मतदाता आजसम्म भेटेको छैन ।

# माओवादीले एमालेसँग किन गठबन्धन बनायो प्रष्ट छैन

**सीमा खान (प्रतिनिधिसभा उम्मेदवार तथा नेपाल संघीय समाजवादी पार्टीकी नेतृ)**



जुन समावेशी संविधान बनेको छ यो पछाडि पारिएको समुदायलाई अगाडि ल्याउने संविधान हो । त्यो संविधानलाई समाजमा आफ्नो पार्टीको नेतृत्वमा इम्लिमेन्ट गर्न चाहन्छौं हामी । हाम्रो पार्टीको आफ्नै एजेन्डा छ र इमान्दारीतापूर्वक हामी अगाडि बढिरहेका छौं । हामी ठूला पार्टीसँग प्रतिस्पर्धामा उत्रन चाहेका होइनौं हामी आफ्नो पार्टीको एजेन्डा समाजलाई बुझाउन चाहन्छौं र ति समाजका व्यक्तिहरूले हामीलाई साथ दिन्छन् भन्ने अपेक्षा गरेका छौं । यो पार्टी कुनै मुस्लिम, दलितको पार्टी होइन समावेशी पार्टी हो । चुनावको समयमा दलका नेताहरूले जनता माझ गएर उनीसँग प्रतिबद्धता जनाउँछन् तर चुनाव सकिए लगत्तै कहाँ पुग्छन् र कस्तो व्यवहार देखाउँछन् भन्ने सबैलाई थाहा भईसकेको छ तर हामी जनतासँग जुन प्रतिबद्धता व्यक्त गछौं त्यो पुरा गरेरै छोड्छौं । जनताको पक्षमा संविधान संशोधन हुन्छ भने हामी समर्थन गछौं तर अहिलेका मधेशी दलहरू जस्तो अरूको लहलहैमा हामी लाग्दैनौं । एमाले र कांग्रेस मिलेर जुन बामगठबन्धन बनेको छ यो पार्टीगत स्वार्थको लागि बनेको हो । माओवादी जनयुद्धको समयदेखि अहिलेसम्म मुलुक संक्रमणकालमा नै छ र यो गठबन्धनले मुलुकलाई संक्रमणकालबाट निकाल्छ भन्नु भ्रम मात्र हो । माओवादी र एमाले मिलेर बनेको गठबन्धन होस् वा राजपा र फोरम मिलेर बनेको गठबन्धन होस् यि दुवै चुनावको लागि र आफ्नो व्यक्तिगत फाईदाका लागि मात्र हुन् । माथिल्लो तहका नेता मात्र मिलेका हुन् मतदाता अहिलेसम्म मिल्न सकेका छैनन् । बामगठबन्धन बन्नु मधेशको लागि हितकर नै छ कुनै पनि पार्टी मिलेर आउँछन् भने त्यो देशकै लागि फाइदाजनक हुनसक्छ त्यसको जवाफ जनताले दिनेछन् संविधान संशोधनको पक्षमा रहेको माओवादी किन संविधान संशोधनको विपक्षमा रहेको एमालेसँग गठबन्धन बनाउन पुग्यो यसको प्रष्ट धारणा लिएर जनताको बिचमा जान सक्नुपर्छ माओवादी । यो गठबन्धन दिगो जान्छ जस्तो मलाई लाग्दैन ।

# वाम गठबन्धनले मुलुकलाई हित गर्दैन



**राधा कायस्थ (समानुपातिक उम्मेदवार तथा नेतृ राष्ट्रिय जनता पार्टी नेपाल)**

महिला नेतृहरूलाई बढी समानुपातिक उम्मेदवार बनाइएको छ । प्रत्यक्षतर्फ महिलाहरूले न्यून मात्र स्थान पाउनुलाई यो पार्टीहरूको कमजोरी हो । उनीहरूले महिलाहरूलाई उचित स्थान दिएका छैनन् । महिलाहरू पूर्ण रूपमा सक्षम छन् । पुरूषहरूभन्दा कुनै पनि हिसाबले महिलाहरू कम छैनन् । ठूल-ठूला पार्टीले समेत महिलाहरूलाई टिकट दिन कन्जुस्याई गरेका छन् । महिलाहरूलाई किन ओझेलमा पार्ने काम भइरहेको छ, त्यो मैले बुझ्न सकेको छैन । महिलाहरूसँग न्याय भएको छैन । दलहरू महिलाको शक्तिसँग डराइरहेका छन् । पछिल्लो समयमा दलहरू ध्रुवीकृत भएका छन् । उनीहरू विभिन्न गठबन्धन बनाएर चुनावमा होमिएका छन् । गठबन्धन नेपाली राजनीतिलाई कत्तिको राम्रो गर्छ त्यो त समयले बताउँछ । पछिल्लो समय नेपाली राजनीतिमा दलहरूबीच ध्रुवीकरण बढेको छ । राजपा र फोरमको गठबन्धनले दुई नम्बर प्रदेशमा राम्रो काम गर्छ । वामगठबन्धनले मधेश र मधेशीका एजेण्डाका सवालमा अलिकति पनि सकारात्मक छैन । वामगठबन्धन मधेशीका लागि केही गर्दैन । यो गठबन्धन संविधान संशोधन गर्न चाहेको छैन । मधेशीको अधिकार खोस्नका लागि नै वामगठबन्धन बनाइएको छ । वाम गठबन्धनमा रहेका नेकपा एमालेले कहिल्यै पनि नेपालका उत्पीडित, उपेक्षित र पछाडि पारिएका समुदायका हक अधिकार दिलाउन चाहेन । संविधानमा मधेशी, आदिवासी जनजाति, दलित, मुस्लिम, थारू लगायतका समुदायको अधिकार कटौती गरिएको छ तर, यो संविधानलाई विश्वकै उत्कृत संविधान भनेर प्रचारबाजी गर्दै हिंडेको छ एमालेले । त्यसकारणले वाम गठबन्धनले मुलुकलाई हित गर्दैन ।

# वाम गठबन्धनले मधेशका लागि केही गर्दैन

**चन्दा चौधरी (समानुपातिक उम्मेदवार तथा राष्ट्रिय जनता पार्टी नेपालकी महामन्त्री)**



प्रदेश र प्रतिनिधिसभामा प्रत्यक्ष तर्फबाट चुनाव लड्न महिलाहरूले नचाहेका होइन, राजपाका महिलाहरूमा पनि इच्छा थियो । विगतमा भन्दा अहिले प्रत्यक्षमा लड्ने महिलाहरू बढी नै छन् । नेतृत्व वर्गले टिकटको निर्णय गर्दा धेरैजसो पुरूषहरूमा नै गयो टिकट तर महिलाहरू प्रत्यक्षमा चुनाव लड्न असक्षम छन् भन्ने होईन । हामीले पनि प्रत्यक्षको टिकट मागेका थियौं तर पार्टीको स्थिति मिलाउँदा अहिले यस्तो परिणाम आएको हो महिलालाई प्रत्यक्षमा टिकट नदिने पार्टीको कुनै नियत होइन । स्थानीय तहको चुनावदेखि महिलाहरू झन् बढी समेत भएको यो चुनाव अभियानको क्रममा गाउँ गाउँमा घुम्दा मैले अनुभव गरेको छु । ३३% महिला सहभागिता हुनुपर्ने भनेर नेपालको नयाँ संविधानमा नै उल्लेख भएको छ भने अहिले धेरै नेतृत्वपंक्तिमा महिलाहरू पुगिसक्नुभएको छ । बामगठबन्धले मधेशको लागि हित गर्ने भए त पहिल्यै गर्दथ्यो । दुइचोटि संविधानसभाको निर्वाचन भयो त्यसपछि स्थानीय निर्वाचनमा पनि एमाले र माओवादीको मधेशमा कति सिट आएको छ तपाईले देखिहाल्नुभएको छ । प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा बामगठबन्धले हामीलाई केही असर पार्नेवाला छैन । मधेश आन्दोलन र मधेशवादी दलकै चर्चा चलिरहेको छ अहिले मधेशमा । राजपा र फोरमको गठबन्धनले मधेशमा सर्वत्र समर्थन पाउने क्रम जारी छ । मधेशको लागि वाम गठबन्धले केही गर्छ जस्तो मलाई लाग्दैन ।

# वाम गठबन्धनलाई मधेशमा खासै महत्व दिएको छैन



**पिंकी यादव**
**(नेतृ, राष्ट्रिय जनता पार्टी नेपाल)**

राष्ट्रिय जनता पार्टी र फोरम नेपालको गठबन्धन भएदेखि मधेशमा माहोल परिवर्तन भएको छ । मधेशी जनताको चाहना अनुसार दुई पार्टी एक भएको हुनाले मधेशी जनता खुसी भएका छन् र मधेशी पार्टीलाई जिताउनुपर्छ भन्ने किसिमको माहोल तयार भएको छ । प्रतिनिधि र प्रदेशसभामा धेरै सिट जित्न सक्यो भने संविधान संशोधन हुने बलियो आधार तयार हुन्छ र पछि मुख्यमन्त्री पनि मधेशी पार्टीबाट बनाउन सकिन्छ भन्ने उद्देश्य लिएर हामी अगाडि बढेका छौं । मधेश दलले नै जित्छ भनेर जनताहरू पनि आशावादी भएका छन् । स्थानीय तहको निर्वाचनमा राजपा र फोरम नमिलेको हुनाले हामीलाई नै घाटा लागेको छ । गल्तीबाट नै मान्छेले सिक्ने हो । हामीले पनि गल्तीबाट सिक्ने मौका पाएका छौं । स्थानीय तहमा जति सिट मधेशी पार्टीलाई आउनुपर्ने त्यति सिट नआएको हुनाले यो गठबन्धनको निर्माण भएको हो । यो गठबन्धनले जनतालाई सन्तुष्टि दिएको छ जसको कारणले जनताले पनि पहिचान गरेको छ विगतका गल्तीहरूलाई बिर्सेर मतदाताले आउने दिनमा पार्टीलाई सफलता तर्फ पुर्‍याउँछ भन्ने विश्वास जागेको छ । माओवादी केन्द्र र नेकपा एमाले मिलेर बनेको बामगठबन्धन भन्दा राजपा र फोरमको गठबन्धनमा मधेशमा बलियो देखिएको छ । बामगठबन्धन धोकाको गठबन्धन हो भन्ने बुझाई मधेशमा रहेको छ किनकी एमालेका नेताहरूले विगतका दिनहरूमा बोलेका कुरा र क्रियाकलापले गर्दाखेरी मधेशमा धेरै नकारात्मक भावना फैलिएको छ र त्यस्तो पार्टीलाई साथ दिने माओवादीमाथि पनि आक्रोश बढेको छ जसले गर्दाखेरी वाम गठबन्धनलाई मधेशमा खासै महत्व दिएको जस्तो लाग्दैन ।

# वाम गठबन्धनको मधेशमा कुनै औचित्य छैन

**सुनिता साह (सप्तरी निर्वाचन क्षेत्र २ प्रदेशसभा सदस्य समानुपातिक उम्मेदवार तथा संघीय समाजवादी फोरम नेपालकी नेतृ)**



नयाँ संरचना अनुसार चुनाव हुँदा अहिले हामीलाई अल्लि गाह्रो भईरहेको छ । गाउँपालिका र नगरपालिकालाई जसरी बिभाजन गरिएको छ त्यसले गर्दा केही अप्ठयारो भईरहेको छ । प्रत्यक्षमा चुनाव लड्न मेरो चाहना नभएको होइन भएकै हो तर हामी अहिले ३३% महिला प्रत्यक्षमा जान खोजिरहेका छौं पुरा गरिरहेका छैनौं । अहिलेसम्म पनि पुरूषवादी जुन सोच हाबी छ हाम्रो समाजमा त्यही भएर हामी महिलाहरू पनि संगठित भएर अगाडि बढ्न पाएका छैनौं । हामी प्रत्यक्षमा चुनाव लड्न चाँहादा चाहँदै पनि प्रत्यक्षमा उम्मेदवारी दिन पाएका छैनौं पार्टीभित्र हामी सक्षम छौं भनेर पनि भनेका थियौं । महिलाको लागि छुट्टै निर्वाचन क्षेत्र बन्नुपर्छ जस्तो मलाई लाग्छ किनकी पुरूषसँग प्रतिस्पर्धा गर्नको लागि हामी मानसिक, सामाजिक रूपले त्यति परिपक्क भईसकेको जस्तो लाग्दैन र हामीलाई महिला कै निर्वाचन क्षेत्र बनाइदियो भने प्रतिस्पर्धामा अगाडि आउन सजिलो हुन्छ भन्ने लाग्छ । बामगठबन्धनमा मधेश र संघीयताको विषय कतै समावेश गरिएको छैन र उहाँहरूले कहिल्यै मधेशलाई सम्बोधन गर्नुहुन्न । मधेशमा यति लामो समय आन्दोलन भयो सयौं मधेशी दाजुभाई हजुरले सहादत पाउनुभयो तर उहाँहरूले कहिल्यै मधेशी शहिदहरूलाइ समेट्ने काम गर्नुभएन त्यही भएर मधेशमा यो वामगठबन्धनको कुनै औचित्य देखिँदैन र जनतामा पनि बामगठबन्धनप्रति सकारात्मक धारणा छ जस्तो मलाई लाग्दैन ।

# मधेशी महिलाहरू नेताहरूको कार्यप्रति असन्तुष्ट छन्



**प्रभा सिंह, रौतहट निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा क बाट नेपाली जनता दलका उम्मेदवार**

रौतहटमा चुनावी वातावरणलाई नियाल्दा मधेशी दलको अवस्था राम्रो भन्न सकिदैन । मधेशी दलका नेताहरूले मधेश आन्दोलनमा सक्रीय भूमिका निर्वाह गर्नेहरूलाई पखा लगाई आफ्नो नातागोता आफन्तहरूलाई प्रत्यक्ष र समानुपातिक तर्फ उम्मेदवार बनाएको कारण प्रतिनिधि सभामा एक वटा पनि सिट आउने अवस्था म देख्दिँन । पार्टीमा समानुपातिक र प्रत्यक्षमा महिलालाई सहभागिता गराउन तथा शहीद परिवारलाइ ठाउँ दिनुपर्यो भनी आवाज उठाऊदा नेतृत्व पक्षले केहि वास्ता नगरेको कारण नेपाली जनता दलबाट उम्मेदवारी दिएकी हुँ । समधिनी, श्रीमती, पत्नी, छोरा, प्रेमिकालाई उम्मेदवार बनाएपछि चुनाव कसरी जितने जनता सबै कुरो बुझेका छन् । पछाडि पारिएको महिलाको अधिकार स्थापित गराउने, जनआन्दोलनदेखि मधेश आन्दोलनमा जीवन आहुति दिएका वीर शहीदहरूको सपना साकार गराउने उद्देश्यले मेरो उम्मेदवारी हो । महिलाप्रति हुने हिंसा न्यूनीकरण गर्ने पहिलो प्राथमिकता हुनेछ । विभेदका शिकार भएका मधेशी समुदायको अधिकारको लागि आवाज उठाउने संघीय समाजवादी फोरम नेपाल र राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले निर्वाचनमा महिलालाई उमेदवार नबनाएको कारण मधेशी महिलाहरू मधेशी नेताको कार्यप्रति असंतुष्ट देखिएका छन् । समावेशी सिद्धान्तका मधेशी दलले अवलम्बन नगरेको अवस्था पनि छ । महिला, दलित, शहीद परिवारलाई ठाउँ दिएको भए मधेशी दलको पक्षमा जनता हुने थियो । रौतहटमा नेपाली कांग्रेस र बाम गठवन्धनको प्रतिनिधि सभामा जित हुने तथा प्रदेश सभामा मधेशी दलका केहि सिट आउन सक्ने अनुमान छ । रौतहट निर्वाचन क्षेत्र १ मा २ जना महिला उमेदवार मात्र रहेका छन् ।

# मधेश मुद्दा बलियो बनाउन मधेशी दलको बहुमत आवश्यक

**संगीता पाण्डेय, रौतहट निर्वाचन क्षेत्र १ बाट संघीय लोकतान्त्रिक राष्ट्रिय मंच थारूहट पार्टीका प्रतिनधिसभा सदस्य उम्मेदवार**



महिला अधिकार र महिलाप्रतिको विभेद अन्त्य गर्नका लागि मैले उम्मेदवारी दिएकी हुँ । म अहिले सदरमुकाम गौरदेखि हरेक गाउँ-गाउँमा घरदैलो गर्दै आएकी छु । मधेशमा पितृसत्तात्मक सोचको मारमा परेकी महिलाहरूलाई आत्मनिर्भर बनाउने लक्ष्य भएकोले उम्मेदवार भएकी हुँ । म काठमाडौंमा निजी विद्यालयमा अध्यापन गराउँदै आए पनि शिक्षिकाको जागीर छोडेर राजनीतिकमा आएकी हुँ । म आफुखुशी राजनितिकमा आएकी हुँ । चुनावमा घरपरिवारको भरपूर सहयोग समर्थन रहेको पाएकी छु । राजनितिक हिसावले समानुपातिक समावेशी नदेखिएकोप्रति दुःखी छु । महिलामाथि विभेद कहिलेसम्म जारी रहन्छ ? महिलाको अधिकारको कुरो गर्ने ठूला दलले प्रतिनिधित्वको समय आउँदा महिलालाई नै बाईपास गर्छन् । मधेशमा विकास, बेरोजगारी, अशिक्षा र स्वास्थ्यको अवस्था कमजोर देखिएकोले म दुखित र चिंतित भएकी छु । मधेशको मुद्दा बलियो बनाउनका लागि मधेशी दलको बहुमत आवश्यक भएकोले मधेशवादी दलको जित हुने विश्वास लिएकी छु । मधेशी दलका नेताहरूको व्यक्तिगत स्वार्थका कारण मधेशमा असन्तुस्टि रहे पनि मत मधेशी दललाई दिनुपर्छ ।

# चुनावका जनता : एक संस्मरण



अयोध्या प्रसाद श्रीवास्तव

मेरो पुस्तकालयको समयमा मोबाइलमा एक मित्रको सानो स्टेटस पढें-'धोकेबाज नेता, गुरू र नेपाली राजनीति'। यसैसम्बन्धी पुस्तक मेरो अगाडि खुल्ला थियो। यसैको अध्ययनमा त मेरो यतिका वर्ष बितेका छन्। आज चश्मा लगाएर विदेशी पुस्तकालय र गुरूहरूसँग किताबका पाना पल्टाउदै छु।

शिक्षकलाई यो कुरा भनें- हाँस्नु भयो। उनले पुरै आलेख तयार हुन् टाइम लाग्ला, अहिले समयको माग अनुसार केही अंश मात्रै भए पनि त लेखे ठीक होला भने। मैले सोच्न थालें, २०७४ को स्थानीय चुनावको स्मृति दिमागमा ताजा हुन् थाल्यो।

स्थानीय चुनावको घोषणा भएपछि कतिपय राजनीतिशास्त्री र प्राध्यापक साथीहरूले यस्तै एउटा सुझाव दिएका थिए- समस्याको जरो पत्ता लगाउन अनुसन्धान त गर्नै पर्छ। प्रत्यक्ष प्रयोग गर्ने यसभन्दा राम्रो अवसर कहाँ पाइन्छ ? राजनीतिशास्त्रीको प्रयोगशाला त पूरा संसारका राजनीतिक परिस्थिति र घटनाहरू नै त हुन्। कोही एक जनाको प्रयोग र अनुभवबाट नै त समाजले निष्कर्ष पाएको हुन्छ। तर राजनीति ? हजारौं लाखौं मानिसहरूको सोंच, विचार र भावनाहरूको आँधीमा हाम फाल्नु र पौडी खेल्नु हो। सुशिक्षित व्यक्तिका लागि त यो बहुतै साहस को कदम हो।

म राजनीतिशास्त्रको प्राध्यापक, अध्येता र विद्यार्थी हुँ (शायद आजीवन विद्यार्थी रहने छु) तर मेरो व्यवहारिक राजनीतिमा किञ्चित पनि संलग्नता छैन । राजनीतिको दुनियामा प्रकाशको एउटा दियोको रूपमा उदित हुन् लागेको मेरो पुस्तकलाई नितान्त प्रायोगिक, आधिकारिक, प्रमाणिक निष्कर्शहरू प्राप्त हुने दुर्लभ अवसर उपस्थित थियो। मैले गुलरिया नगरपालिकाको मेयरको प्रत्याशी हुने मन बनाएँ र कुरा बुझ्न गाउँ घर हिडें। गुलरियाले सबैभन्दा योग्य उम्मेदवार पाउने भयो भन्दै धेरैले खुशियाली जनाए, सामान्य जनताले निकै हौसला दिए। राम्रो अनुभवी मध्येका कोही कोहीले राजनीतिमा पस्दै नपस्नुस पनि भने। कसैले जीत नभए पनि सम्मानजनक हार हुन्छ भने। कसैले पत र्टी समात्ने भने। कुनै पार्टीले विचार गर्ने, कसैले त उल्टै अफर पनि गरे तर मेरो लक्ष्यमा सहयोगी प्राज्ञहरूले अनुसन्धान नै प्रमुख उद्देश्य बनाउने र स्वतन्त्र नै लड्ने भने पछि पार्टी समाउने कुरा हरायो। मलाई दबाव दिई रहेका दुईटा राजनीतिक पकड भएका पार्टीहरू निराश भएर आफ्नो बाटो लागे। मैले जीतमा प्रशन्नता र हारमा दुःख नमानेर निरपेक्ष लडने भएँ, बिल्कुलै गीता को अर्जुन सरह। यो कुरा निकै राम्रो मानियो। मैले अन्य पार्टीबाट लड्ने मेरा आफ़न्तेहरूलाई कुरा स्पष्ट पार्नलाई एक ठाउँमा बस्न पटक पटक आग्रह गरें। तर गीताको निष्काम कर्मयोग महान हस्तीलाई बुझ्न त गाह्रो हुन्छ भने मैले बोलाएकाहरूलाई हृदयंगम गराउने कसले ? कोही त आए तर आफनो बिग्रन लागे पछि सुधारको लागि म बसी दिनु पर्ने भनेर आए।

मेरो चुनाव प्रचारमा घर कै छोरा, भाइ भतीज र तीन जना मित्रहरू थिए तर भाडाका मानिस मैले राखिन। निरपेक्ष लडाईमा त्यस्तो गर्नु पर्ने, जीवन-मरणको प्रश्न नै थिएन।

बहुदलीय-संसदीय व्यवस्था भएका सभ्य देशहरूमा स्थापित भएको नीति-रीति अनुसार स्थानीय चुनाव पार्टीगत आधारमा लड्दिैन। कदाचित पार्टीले उम्मेदवार उठाए पनि पार्टी पर्दा पछाडि रहन्छ। यदि कुनै देशमा निर्वाचनमा पार्टीको संलग्नता देखिन्छ भने पनि चुनाव चिन्ह पार्टीको हुँदैन। उम्मेदवार सबै जना स्वतन्त्र जस्तै हुन्छन् र उम्मेदवारी दर्ता भई सके पछि स्वतन्त्र र दलगत सबै उम्मेदवारले एकै दिन एकै साथ् स्वतन्त्र निर्वाचन चिन्ह पाउन्छन। तर हामी कहाँ निर्वाचन आयोगले सिद्धान्त र प्रचलन विपरित काम गर्‍यो। राजनीतिक दलहरूलाई उनीहरूले प्रयोग गर्दै आएको र जनताको मन मस्तिष्कमा छाप रहेको निर्वाचन चिन्ह नै प्रयोग गर्न दिने भन्यो। उनीहरू पार्टीको झण्डा, पार्टीको चिन्ह, संगीत, बाजा-गाजाका साथ मानिसको हुल लिएर महिनौं पहिलेदेखि गाउँ पसे भने स्वतन्त्र उम्मेदवार बिना चुनाव चिन्ह, खालि हात, दुई चार जना साथी र अधिकांश अनपढ र राजनीतिको ज्ञान नभएका जनतामा पम्पलेट र घोषणापत्र वितरण गर्दै बिना तडक-भडक खाली भेटघाटले चुनावी माहौल कसरी बन्न सक्दथ्यो ?

असार १४ गते मतदान तोकिएको, २ गते उम्मेदवारी दर्ता भयो र स्वतन्त्र उम्मेदवारलाई ६ गते मात्र चुनाव चिन्ह दिइयो। ७ गते सम्म प्रचार सामाग्री छपाएर ८ गते देखि ११ गते सम्म ४ दिन मात्र प्रचारको समय पाइयो। त्यति धेरै १४४ गाउँ, टोल र मतदातालाई विशाल र भूल भुलैया बुद्धिको मतपत्रमा चुनाव चिन्ह देखाउन, कुरा बुझाउन र प्रचार सामाग्री टाँस्न कुनै हालतमा सम्भव हुन् सक्दैन। निर्वाचन आयोगले समानता र सिद्धान्तको धज्जी उडायो। जनतालाई पनि त स्वतन्त्र मानिएन। राजनीतिक दलकै उम्मेदवारलाई मत दिन बाध्य गराइयो। राजनीतिक दलहरूले विद्यार्थी समेतलाई जुलूसको अंग बनाए। रक्सी मासुको भोज भतेर, टिशर्ट र पैसाका गिफ्ट चले। मतदाता खरीद-बिक्रीमा परे। जाली फटाहाहरूले खुल्ला पैसा मागे। मैले किन पैसा दिन्थे र ? अरूहरूले पैसा बाँडेका खबर सुन्ने बाहेक उपाय के नै थियो ? मेरा सहयोगी बन्न आएकाहरूले साथ छाडे र अन्तै देखा परे। मेरा साथी बन्न पुगेका स्वतन्त्र उम्मेदवारहरूलाई अरू पार्टीले किन्यो, कोहीलाई लोभमा पारेर उम्मेदवारी फिर्ता गराइयो भने कसैलाई त थाहै न दिई आफ्नो पार्टीको वार्ड सदस्य पद मा उम्मेदवार बनाइ दिए। जुन सुकै पार्टीबाट जो जिते जितोस् तर स्वतन्त्र न आओस् भनेर सबैले मलाई नै प्रतिस्पर्धी ठानेका थिए।

मतदाताको कुरा गर्ने हो भने त्यही चार दिनको अवधिमा साम, दान, दण्ड र भेद सबै नीतिको प्रयोग भयो। केही मतदाताले मलाई फोन गरे, गाउँमा बोलाइ, हाम्रो गाइ, भैसी र बाख्रा भारतीय जंगलमा जान न पाउने र हाम्रो घाँस दौरा नै बन्द हुने भयो, कि त भारतीय वनपालेलाई गाउँमा ल्याएर वचनवद्धता गराउनुस भने ? थुप्रै गाउँहरूबाट यस्तो कुरा आयो, मैले विदेशी वनपालेले घाँस दौरा र चरण गर्न दिन्छु भन्न किन आउला र- भनें। मतदाता चुप लागे। तिनको लोभ, चालाकी या त्रास जे थियो, मैले मेटाउन सक्ने अवस्था थिएन। एउटा (राम्रै ?) पार्टीको प्रमुख कार्यकर्ताले आगामी संसदीय र प्रादेशिक चुनावमा तिनको उम्मेदवारी हुँदा मेरो सहयोग पाउने आशामा मेरो पार्टीबाट टिकट लिएर लडनुस् भन्दै आएका थिए तर म स्वतन्त्र लड्ने भएपछि उनले देशी समूदायबाट एक जना सीधा-सादा नवयुवकलाई मेयरको टिकट दिएर उठाएका थिए। यस उम्मेदवारबाट मेरै क्षति हुने स्पष्ट थियो।

कुनै पार्टीले निम्न वर्गीय मधेशी दलितहरू मध्येका र मेरा गाउँले नाताका नितान्त आफन्तहरूलाई स-साना पदहरूमा उठाई दिए। मतपत्रको ढाँचा अनुसार मतदानमा तिनलाई मोहरा बनाएर। तेर्सो लाइनमा सबैलाई मत हाल्दा मलाई पर्न जाने क्षतिको ती विचरा साधारण ग्रामीणले कसरी अनुमान गर्न सक्थे ?

सब भन्दा अशोभनीय र मतदाताको स्वतन्त्रताको हनन गरियो मतपत्रको बनावटबाट। पञ्चायती चुनावमा प्रधान र उप प्रधान तथा वार्ड अध्यक्ष तथा ६ वटा वर्गीय संगठनको समेत चुनाव हुँदा र २०४६ पछिका चुनावमा समेत विभिन्न पदको छुट्टा छुट्टै मतपत्र हुन्थ्यो। जसमा मतदातालाई मतदान गर्न सरल हुनथ्यो। तर यो चुनावमा पार्टीगत आधारमा मतपत्रमा मेयर, उपमेयर, अध्यक्षदेखि सबै सदस्यलाई एकै लाइनमा एक साथ राखिएकोले मतदाताले आफ्नो मन पर्ने उम्मेदवारलाई छान्न कठिन हुने गराइयो भने मतदाताले आफूलाई मन पर्ने कुनै एक सदस्यलाई पनि मत दिन चाह्यो भने उसले त्यो पार्टीको लाइनको मेयरसम्म सातै जनालाई छाप लागाई दिन सजिलो मान्ने गराइयो। यो धुर्तताले गर्दा राम्रो व्यक्तिको छनौट भन्दा पार्टीलाई छान्नु पर्ने विवशता पैदा गरियो। विचरा मतदाता, सार्वभौम जनता ? यी सबै कारणले गर्दा मैले प्रेसबाट उठाएको प्रचार सामाग्री मतदातामा वितरण गर्न आवश्यक ठानिन, सब घरमा ल्याएर राखें। मैले व्यवहारिक राजनीति बुझी सकेका थिएँ, पाउन खोजेको राजनीतिक कुरा पाई सकेको थिएँ। अब मतदानको नाटक र कसैको जीतहारको मतगन्ती हेर्न मात्र बाँकी थियो।

यो हार को फाइदा के ? भन्ने प्रश्न उठाउनेहरू पनि होलान, तर यो 'बेमौसमको बाजा' होइन। यस अनुभवले निम्न तथ्यहरू देखा पर्दछ।

**तत्कालीन परिणामः**

(१) सबै उम्मेदवारहरू मध्ये सर्वाधिक शैक्षिक योग्यता, कानून र विकाश प्रशासनको सर्वाधिक व्यवहारिक ज्ञान भए पनि पछाडि हुल न भएको स्वतन्त्रसँग जनताले उभिने हिम्मत गर्न नसकेको रहेछ।

(२) यदि स्वतन्त्र उम्मेदवारलाई जनताले साथ दिन चाहेंन भने पार्टीको शक्ति भएको यो माओवादीको र संघीय समाजवादीको उच्चस्तरीय राम्रो शिक्षा, दीक्षा कर्मठ, योग्य, उत्साही र लगनशील युवक र उम्मेदवारलाई पनि जनताले चाहेन।

(३) एमालेबाट व्यवहारिक राजनीतिका अनुभवीलाई पनि जनताले चाहेन।

(४) राप्रापाबाट आर्थिक सम्पन्नता र उच्च पारिवारिक अवस्थाका शालीन व्यक्तिलाई पनि जनता ले चाहेन ।

तसर्थ

(क) नेपाली जनतालाई शैक्षिक योग्यता, प्रशासकीय कार्य क्षमता, विकास, पार्टीको शक्ति, उम्मेदवारको शालीनता, शिष्टता, पदीय अनुभव, पार्टीमा उच्च हैसियत र राजनीतिक अनुभव, जस्ता कुनै कुरा नचाहिने रहेछ।

(ख) आकाशे कुरा सुन्न जनता बढी मन पराउँछन्।

(ग) जनतालाई लोभका कुरा गरेर, भय देखाएर ( विगतमा माओवादीले यसैबाट सफलता पाएको थियो) स्वार्थ सिद्ध गर्न सकिन्छ।

(घ) कुनै पार्टी या उम्मेदवारको नीति अथवा घोषणापत्रसँग जनताको खासै मतलब हुँदैन। बढी भन्दा बढी गफ हाक्न सक्नु पर्दछ।

(ङ) जनतालाई सुनाएर, पुलिस प्रशासनलाई अघि पछि बेसरी गाली गर्न सक्नु पर्दछ र पुलिसको साथ संगत र साँठगाँठ जरूरी हुन्छ। सीमा नजिककाले भारतीय पुलिस र प्रशासनसँग पनि नजिक भई रहनु पर्दछ।

(च) ग्रामीण, गरीब, अशिक्षित र साधारण जनताको भावनाको दोहन (लोभ र भयबाट गर्न सजिलो छ)।

> देशमा लोकतन्त्रको नाम लिएर कांग्रेस, एमाले र माओवादीको पारस्परिक सहमतिमा देशको शक्ति, सत्ता र सम्पत्तिको भागबण्डाले वैधता पाएको छ। प्रजातान्त्रिक निरङ्कुश शासन व्यवस्था भएको छ। लोकतन्त्रात्मक शक्ति, इकाई र संरक्षक सत्तामाथि त्रिदलीय पकड छ। त्रिपक्षीय सहमति नै न्याय भएको छ।

(छ) बर्दियामा पहाडी समूदायको बस्ति बाहेक अन्य ग्रामीण इलाकामा जनताको भावनाको भित्री तहसम्म कांग्रेसी अगुवाहरूको पहुँच छ।

(ज) जनतालाई लगातार चुनावी जुलूस, आकर्षक र चटके नारा, बाजागाजा, होहल्ला र पर्चा पोस्टरको अधिकताबाट प्रभावित गर्न सजिलो छ।

(झ) उम्मेदवार र मतदाताको एक समान जातीयता, भाषा र संस्केतिले मतदातालाई आकर्षित गर्दछ।

**समग्र दलीय व्यवहार र परिणाम**

(१) सामान्यतयाः बढी मतदाताको जातिको उम्मेदवारलाइस टिकट दिने गर्दछन।

(२) उच्छिङ्खल, बदनाम, सनकी, दलाल र अपराधीले पनि पार्टीको निकटता, संरक्षण र चुनावी टिकट लिन सफल हुने गरेका उदाहरण पाइन्छ।

(३) विकासको काम गर्न सक्ने भन्दा पार्टी र कार्यकर्तालाई पालन सक्नेले प्रायः टिकट पाउने गरेको देखिन्छ।

(४) निर्वाचनमा धनबल, जनबल, प्रशासनको बल, भय, त्रास, लोभ सबै अस्त्र को प्रयोग हुन्छ। जनताको स्वतन्त्रता, समानता र विधिको शासनको दुर्गति हुन्छ।

(५) देशमा लोकतन्त्रको नाम लिएर कांग्रेस, एमाले र माओवादीको पारस्परिक सहमतिमा देशको शक्ति, सत्ता र सम्पत्तिको भागबण्डाले वैधता पाएको छ। प्रजातान्त्रिक निरङ्कुश शासन व्यवस्था भएको छ। लोकतन्त्रात्मक शक्ति, इकाई र संरक्षक सत्तामाथि त्रिदलीय पकड छ। त्रिपक्षीय सहमति नै न्याय भएको छ।

(६) कांग्रेसले आफ्नो नीति परित्याग गरी माओवादीसँग गएकोले उसको छवि बिग्रेको छ। माओवादीलाई कसैले इतिहासको बदला लिन्छ कि ? अन्तर्राष्ट्रिय अदालतमा उभ्याउँछ कि ? भन्ने आशंकाले पिरोली रहेकाले जथाभावी अवसरवादी व्यवहार गरेको छ। एमालेको स्थिति बलियो देखिन्छ।

(७) निर्वाचन आयोगले आगामी संसदीय र प्रादेशिक निर्वाचन एक साथ गराइरहेकाले स्वतन्त्र उम्मेदवार र पार्टी गठबन्धनमा मतदातालाई मतदान गर्न कठिन हुने छ। गठबन्धमा मतदाताले उम्मेदवार न भएको तर आफूले मतदान गर्दै आएको चिन्हमा मतदान गरेर मतपत्र बदरको संख्या बढ्ने सम्भावना छ।

(८) मधेशी जनताले मधेशी नेता या अगुवा, जति सुकै सक्षम भएपनि उसलाई आफू जस्तै शोषित पीडित, निर्वल, असहाय, सत्तामा पराधीन र असुरक्षित ठान्दछ। यस कारण मधेशी नेतृत्वलाई सोझै सहयोग गर्नु भन्दा पहाडी समुदायको कमजोर, कमसल र अपरिचित भए पनि नेपाली भाषामा हावादारी कुरा गर्न सक्ने नेता या अगुवाको बोली बचनमा बढी भरोसा गर्दछन्।

*(लेखक राजनीतिशास्त्रका प्राध्यापक, अधिवक्ता र हाल अमेरिकामा अध्ययनरत् छन्।)*


## सहकारी संस्थामा बचन गर्दैछौं ?

**छौं भने पाँचओटा कुरा सम्झी सक्रिय रूपमा सहभागी पनि बनौं :**

सर्वसाधारणको संस्था : सहकारी बचत संस्था आम उपभोक्ताले जोहो गरी नियमित रूपमा रकम राखेर अड्कोपड्को टार्ने अनि भविष्यमा ज्येथा जोड्ने भनेर खोलेको हो:

सदस्यताको सर्त : संस्थामा सेवा उपयोगकर्ता सदस्य बन्न चाहे कुनै भेदभाव नगरी बनाउनुपर्दछ, सदस्य नबनेसम्म कसैले बचत राख्न वा ऋण लिन मिल्दैन:

समान अधिकार : अघि दर्ता गर्ने र अब बन्ने सदस्यको कर्तव्य र अधिकार संस्थामा बराबरी हुन्छन्, कसैले आफूलाई संस्थापक मानी अर्कालाई ग्राहकजस्तो व्यवहार गर्न पाउँदैनन्, धेरै र थोरै पैसा राखेको भनेर पनि भेदभाव चल्दैन:

स्वशासकीय बन्दोबस्त : सदस्यहरूको सल्लाहले बचत, ऋण, ब्याजदरलगायत संस्था सञ्चालनको सबै तहबह मिलाउनुपर्ने हुन्छ र

स्वउत्रदायित्व : आफैले आफ्ना लागि चलाउने भएकाले संस्थाको जस-अपजस पनि सदस्यहरूले नै लिनुपर्ने हुन्छ, आफूले वास्ता नगरे अर्काले मनलागी गर्न पनि सक्तछन्।

नेपाल सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

नयाँबानेश्वर, काठमाडौं।


## मधेश अपडेट

### एमाले मधेशका लागि घातक : उपेन्द्र यादव

सप्तरी। संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचनपछि संसदमा मधेश बलियो शक्ति बन्ने दाबी गरेका छन। संविधान संशोधन र मधेश प्रदेशको गठन मुख्य कार्यभार रहेकोले मधेशका जनता मधेश गठबन्धनको पक्षमा रहेको यादवको दाबी छ। निर्वाचन क्षेत्र न. २ अन्तर्गत तिलाठी कोइलाड़ी गाऊँपालिका वड़ा न. २, लौनिया गाऊँमा फोरम नेपाल, राजपा र नेपाली कांग्रेसद्वारा मंगलबार संयुक्त रूपमा आयोजित चुनावी सभामा बहुमत निश्चित रहेको बताए। 'हामी भारी बहुमत ल्याउदै छौ। त्यही बहुमतको बलमा संविधान संशोधन र मधेश प्रदेश गठन गर्छौं', यादवले भने। अधिकार प्राप्ति र माग सम्बोधनका लागि आफूहरूलाई बहुमत आवश्यक रहेको उनले बताए। गणतन्त्र, संघीयता र समावेशी जस्ता मुद्दालाई तुहाउन वाम गठबन्धन लगायतका शक्तिहरू सक्रिय रहेको यादवले आशंका जाहेर गरेका छन। शहीदको बलिदानीले प्राप्त उपलब्धिको रक्षा गर्नु आफूहरूको पहिलो प्राथमिकता रहेको भन्दै उनले परिवर्तन पक्षधर शक्तिलाई विजयी गराउन यादवले अपील गरे।

### "जनकपुरलाई राजधानी बनाउन कांग्रेस सक्रिय"

जनकपुर। नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले प्राचीन मिथिलाको राजधानी रहेको जनकपुरधामलाई वर्तमान अवस्थामा प्रदेश नं २ को राजधानी बनाउन नेपाली कांग्रेसभित्र गृहकार्य सुरू भइसकेको दाबी गरेका छन्। धनुषा क्षेत्र नं ३ प्रतिनिधिसभाका उम्मेदवार निधिले चुनावी प्रचार प्रसारका क्रममा जनकपुर उद्योग वाणिज्य संघमा आयोजित चुनावी सभामा बोल्दै जनकपुरलाई प्रदेशको राजधानी बनाउन कांग्रेसले केन्द्रमा लबिङ सुरू गरिसकेको बताए। उनले भने, 'प्रदेशको राजधानी बनाउनु चानचुने कुरा होइन। गम्भीर प्रयास र सहयोगको खाँचो छ र जनकपुरलाई राजधानी बनाउन म लागिपरेको छु।' प्रदेश नं २ को राजधानी बनाउनु आफ्नो प्रमुख एजेण्डा रहेको बताउँदै निधिले भने, 'राजधानी बनाउन पूर्वाधार आवश्यक हुन्छ, केही व्यापारीले जनकपुर चुरोट कारखानाको सम्पत्ति खरिद गर्ने प्रयास गरिरहेको बेला स्थानीय प्रशासनको मातहतमा ल्याएको छु।' निधिले जटही-ढल्केबर व्यापारिक मार्ग निर्माण कार्य जारी रहेको बताउँदै निर्माण कार्य पूरा हुनासाथ जनकपुर व्यापारिक केन्द्र बन्ने निश्चित रहेको बताए।

### ठूला दल मधेशमा जित्दैन : नेता झा

राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका नेता एवं रौतहट निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अनिल झाले रौतहटमा तीन ठूला दलका उम्मेदवारहरूले व्यापक रूपमा निर्वाचन आचार संहिता उल्लंघन गर्दा पनि अनुगमन गर्ने निकाय निष्क्रिय रहेको बताएका छन्। निर्वाचन क्षेत्रअन्तर्गत चुनाव प्रचार अभियानमा रहेका नेता झाले संचारकर्मीसँगको भेटमा संक्षिप्त कुराकानी गर्दै नेता झाले नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रप्रति आक्रोशित हुँदै तीन दलले मधेशमा जसरी भएपनि चुनाव जित्ने मन्सायले रकम, रक्सी वितरण गरिरहेको आरोप लगाए। उनले भने, 'कांग्रेस र वाम गठवन्धनले निर्वाचन अचार संहिता विपरीत मतदातालाई प्रलोभनमा पार्न रूपैयाँ, रक्सी र मासु वितरण गर्दैछ नियमन गर्ने निकाय मौन बसेको छ।' नेपाली कांग्रेसले चुनावमा मत छाप्नलाई हतियारसहित मानिस बोलाउँदा प्रहरीले समाते पनि त्यसको विषयमा प्रहरीले केही गर्न नसकेकोले सरकारले नै चुनाव भाँड्ने षड्यन्त्र गरिरहेको झाले दावी गरे।

### नगर क्षेत्रमा समाजवादी फोरमको घरदैलो

नेपालगन्ज। संघीय समाजवादी फोरम नेपालले बाँकेले बिरामीहरूलाई फलफूल वितरण गरेर नेपालगन्ज नगरक्षेत्रमा आफ्नो चुनावी घरदैलो तथा मतदाता भेटघाटको अभियान सुरू गरेको छ। क्षेत्र नं. २ का प्रतिनिधिसभा उम्मेदवार मोहम्मद इस्तियाक राइनले भेरी अञ्चल अस्पतालमा रहेका बिरामीहरूलाई फलफूल वितरण गरेर घरदैलो कार्यक्रमको सुरूवात गरेका हुन्। अस्पतालमा रहेका एक सय ५० जना बिरामीलाई फलफूल वितरण गरिएको थियो। त्यसपछि त्रिभुवन चोकसम्म फोरमको घरदैलो भएको थियो। त्यसबखत मतदाताहरूले इस्तियाक राइनलगायत फोरमका उम्मेदवारहरूलाई जितको शुभकामना दिएका थिए। हज्जारौं कार्यकर्ताहरूसहितको मतदाता-घरदैलो अभियानका क्रममा राईले समग्र बाँके जिल्लाको विकासका लागि आफूलाई मतदान गर्न आग्रह गरेका थिए। बाँकेमा मधेशी, मुस्लिम, पहाडी अनि सबै जातजाति र धर्मका समुदाय मिलेर बसेको भन्दै आफू कुनै जाति वा समुदाय विशेषको नभइ समग्र जिल्ला र जिल्लावासीको हितका लागि चुनावी मैदानमा उत्रिएको बताए।

### कांग्रेसको जीत आवश्यक : नेतृ आरजु

कैलाली। नेपाली काग्रेस नेतृ तथा कैलाली क्षेत्र नं ५ बाट प्रतिनिधिसभामा नेपाली कांग्रेसका उम्मेद्वार डाक्टर आरजु राणा देउवाले राष्ट्रलाई समृद्धितर्फ डोर्‍याउन आसन्न निर्वाचनमा कांग्रेसले जित्नै पर्ने दावी गरेकी छन्। 'नेपाली कांग्रेसले मात्रै देशलाई आर्थिक रूपमा समृद्ध बनाउन सक्छ' शनिबार नेपाल शिक्षक संघ धनगढीले आयोजना गरेको उम्मेदवार भेटघाट कार्यक्रममा नेतृ डा.देउवाले भनिन् 'प्रतिनिधि सभामा मैले नजिते पनि केही फरक पर्दैन, तर कांग्रेसले हार्नु हुदैन।' उनले सामाजिक विकासको लागि महत्वपूर्ण पक्ष मानिएको शिक्षा क्षेत्रको सुधारलाई आफूले उच्च प्राथमिकतामा राखेको बताइन्। 'अझै पनि आम सर्वसाधारणको शिक्षामा पहुच छैन, शिक्षकहरूले उचित सेवा सुविधा पाउन सकेका छैनन्, सरकारी विद्यालयमा समस्या छन्' उनले 'शिक्षा क्षेत्रको सुधारका लागि विशेष योजना नभएकाले समस्या यथावत रहेको' बताइन्।

### एमाले विकासको विरोधी : ढुंगाना

धनुषा। नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा धनुषा निर्वाचन क्षेत्र नं १ बाट प्रतिनीधि सभा सदस्यका लागि नेपाली कांग्रेसका उम्मेदवार आनन्दप्रसाद ढुंगानाले नेपाली कांग्रेसको बहुमत आए मात्र मधेशी जनताको भावना समेटेर संविधान संशोधन हुनसक्ने बताए । धनुषा क्षेत्र नं १ अन्तरगतको हंशपुरमा भएको घरदैलो,कोणसभा सहितका चुनावी कार्यक्रमलाई संबोधन गर्दै उनले भने, मधेशी जनता आन्दोलनमा मारिदा एक दुईबटा आप झरेर केही हुन्न भन्ने एमालेसहितको कम्युनिष्ट गठबन्धनबाट मधेशी जनताको भावनाको सम्मान हुन सक्दैन्। एमालेले त अस्तिमात्रै संविधान संशोधनको विपक्षमा मत हालेको छ। नेता ढुंगानाले एमाले र कम्युनिष्टहरूको जन्म नै नेपालमा राजनीतिक अस्थिरता ल्याउनको लागि गराइएको आरोप पनि उनले लगाए।

### मत बदर प्रचारप्रसारका लागि कार्यक्रम गर्दै

बाँके। जिल्लाका विभिन्न स्थानबाट स्वतन्त्र मधेश गठबन्धनका नेता अगुवाहरू भेला भइ औपचारिक कार्यक्रम गरि डा. सि. के. राउतद्वारा आह्वान गरिएको भोट बदर अभियानलाई तिव्रता दिएको छ। बाँकेमा पनि सशक्त रूपमा प्रचारप्रसारमार्फत् जबर्जस्ती मधेशीहरू माथी लादिएको विभेदकारी संविधानलाई बदर भोटबाट अस्वीकार गर्न र मधेशी जनताले दिएको सहादत, गरेको नाकाबन्दी, उठाएका मागहरूको पूर्ण रक्षाको निम्ति मत बदर अभियान चलाएको जनाएको हो। कार्यक्रमको औपचारिक उद्घाटन डा. राउतको तस्बिर माथी पुष्प गुच्छा चढाइ र मैनवत्ती बाली उक्त कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय प्रवक्ता अब्दुल खानले गरेका थिए।

### कोसीमा स्टिमर चलाउँछौं : ओली

विराटनगर। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले कोसीमा उच्च बाँध निर्माण गरेर स्टिमर चलाउने योजना रहेको बताएका छन्। मोरङको कोसीहरैंचास्थित विराटचोकमा आइतबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै ओलीले कोसीमा उच्च बाँध बनाएर स्टिमर चलाउने वाम गठबन्धनको योजना रहेको बताएका हुन्। उनले नेपालको विकासमा कोसी बाँधको निर्माण महत्वपूर्ण रहेको धारणा राखे। कोसी बाँध निर्माण भए नेपालले पर्याप्त बिजुली उत्पादन गर्न सक्ने र निर्यात गरेर आम्दानी गर्नसक्ने उनले बताए। उनका अनुसार कोसी बाध निर्माणपछि २ हजार ५ सय मेगावाट विद्युत् उत्पादन हुने भएकोले नेपालले विद्युत् निर्यात गरेर आनदानी गर्नेछ।

### "निर्वाचन सम्पन्न गर्न सरकार कटिबद्ध"

विराटनगर। उपप्रधान एवं संघीय मामिला तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारले वर्तमान सरकार सुरक्षाका चारवटै संयन्त्रको प्रयोग गरी तोकिएको समयमै स्वतन्त्र र निश्पक्ष रूपमा निर्वाचन सम्पन्न गर्न कटिबद्ध रहेको बताएका छन्। विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले सुरक्षा समितिको निर्णयअनुसार सुरक्षा निकायलाई सक्रिय बनाई सुरक्षित, स्वच्छ, भयरहित, निश्पक्ष एवं शान्तिपूर्ण वातावरण मंसिर १० र २१ गते हुने निर्वाचन सम्पन्न गर्ने बताए। नेपाली काँग्रेसका नेतासमेत रहेका गच्छदारले मुलकको केही क्षेत्रमा भएको निर्वाचन विरोधी गतिविधिका कारण निर्वाचनको मिति नसर्ने बताउँदै वर्तमान सरकार शान्तिसुरक्षा कायम राखी स्वच्छ वातावरणमा निर्वाचन सम्पन्न गर्न दृढ रहेको बताए।

# छिमेकीको रूपमा भारत वरदान हो



अरविन्द्र मिश्र
वरिष्ठ पत्रकार तथा विश्लेषक

**० वाम गठबन्धनले नेपाल-भारत सम्बन्धमा कस्तो असर गर्छ ?**

– वाम गठबन्धनले नेपाल-भारत सम्बन्धलाई कुनै असर गर्दैन । यो गठबन्धन भनेको नेपाली राजनीतिको आन्तारिक कुरा हो । मलाई के लाग्छ भने भारतले पनि यस विषयमा रूची राखेको छैन् । वाम गठबन्धन वस्तुतः राग, द्वेस राखेर बनाइएको हो । यदि त्यस्तो सोच विचार गरेको गठबन्धन हो भने त्यसले देशलाई घाटा पार्छ । यदी सत्ताको लागि गठबन्धन गरेको हो भने ठिकै हो तर सहि तरिकाको गठबन्धन होइन भने भारत र खासगरी मधेशको लागि खतराको घण्टी हो भन्न चाहन्छु ।

**० नेपालमा केही परिवर्तन हुँदा भारतकै नाम जोडिने गरिन्छ, यो गठबन्धनले साँच्चै अर्कै किसिमको प्रतिनिधित्व पनि गर्छ ?**

– यहाँ आन्तरिक भनाई अर्कै देखिन्छ । कसैले भन्छन, यो गठबन्धनमा भारतको पनि भूमिका छ रे । राजनीतिक कुराहरू आ-आफ्नो ढंगबाट हुन्छ, यसमा मलाई भन्नु केही छैन् । तर यो गठबन्धन गरेर राज्यसत्तालाई आफ्नो हातमा लिएर दुई तिहाई मतबाट संविधान संशोधन गर्ने र देशलाई वामपन्थीमय बनाउने उद्देश्य हो भने यसले देशमा दुर्भाग्य उत्पन्न हुनेछ ।

**० विगतमा कम्युनिष्टको सरकार आउँदा नेपाल-भारत सम्बन्धमा कस्तो किसिमको सम्बन्ध रह्यो र अब पनि फेरी कम्युनिष्टकै सरकार आयो भने सम्बन्ध कस्तो हुनेछ ?**

– कम्युनिष्टको सरकार आउँदैमा सम्बन्ध राम्रो हुन्छ भन्न सकिदैन । पार्टीमा भन्दा पनि व्यक्तिमा भर पर्ने कुरा हो । साँच्चै देश विखण्डन गर्ने सोच भएकाले नेतृत्व गऱ्यो भने असर त अवश्य गर्छ । हाम्रै देशभित्रका मधेशी साथीहरूलाई अराजकत्व भनेर परिभाषित गरेको छ, भारतसँग पनि सम्बन्ध बिगारेकै हो । वाम गठबन्धन बन्नै लाग्दा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो नेपाल भ्रमण रद्द गरेकै हुन् । त्यसैले म के भन्न चाहन्छु भने यदि यो कम्युनिष्टको सरकार देश बनाउन कै लागि छ भने भारतको पनि केही आपत्ति छैन् तर भारतलाई सताउने हिसाबले या मधेशी जनतालाई सताउने हिसाबले बनाइएको गठबन्धन हो भने यो टिक्दै टिक्दैन र त्यसबेला देशमा भयावह स्थिति उत्पन्न हुन्छ ।

> कम्युनिष्टको सरकार आउँदैमा सम्बन्ध राम्रो हुन्छ भन्न सकिदैन । पार्टीमा भन्दा पनि व्यक्तिमा भर पर्ने कुरा हो । साँच्चै देश विखण्डन गर्ने सोच भएकाले नेतृत्व गऱ्यो भने असर त अवश्य गर्छ । हाम्रै देशभित्रका मधेशी साथीहरूलाई अराजकत्व भनेर परिभाषित गरेको छ, भारतसँग पनि सम्बन्ध बिगारेकै हो ।

**० भारत र चीनसँग समदूरी राख्नुपर्ने हो । त्यसो गर्दा विगतदेखिको सम्बन्ध कायम रहन सक्छ ?**

– समदूरी भनेको बराबर दूरी । त्यो जरूरी छैन । राजनीतिमा फाइदा कताबाट हुन्छ त्यता लाग्ने हो । दुवै तिरको सीमा रक्षा गर्नुपर्ने र एकअर्काको सहयोग गर्नुपर्ने, एक अर्काको सम्बन्ध त्यो बेला राम्रो हुन्छ कि एक अर्काले आतंकवाद, सीमा घुसपैठदेखि विभिन्न किसिमको सुरक्षा दिनु हाम्रो कर्तव्य हो । अर्को कुरा भारत तीन क्षेत्रबाट घेरिएको छ भने चीन एक क्षेत्रबाट । त्यो हिसावले राजनीति गऱ्यो भने सम्बन्ध बलियो हुन्छ तर तीन तीरबाट चीनलाई सम्झौता गर्ने र भारतलाई एक क्षेत्रबाट सम्झौता गऱ्यो भने सम्बन्ध मजबुत हुन सक्दैन ।

**० त्यसो भए समदूरी राख्न सकिदैन भन्नुहुन्छ ? चीनसँग जति सीमाको दूरी छ भारतसँग पनि त्यति नै दूरी राख्ने हो भने नेपालको लागि हितकर हुन्छ ?**

– भारतसँग सीमा तीन गुणा बढी छ भने सम्बन्ध पनि तीन गुणा नै बढी राख्नु पर्छै । चीनसँग एक गुणा सीमा छ भने एक गुणा नै सम्बन्ध राख्नुपर्छ । यदी चीनतीर मात्रै फर्किने हो भने चीन चन्द्रमामा गयो भने नेपाललाई पनि लैजान्छ र ?

**० कम्युनिष्ट नेताहरूले चीनसँग जस्तो सम्बन्ध छ भारतसँग पनि त्यस्तै राख्नु पऱ्यो भन्छन्, के त्यो सम्भव छ ?**

– जुन नेताहरूले त्यसो भनेका हुन्छन् त्यही नेता नै जनताभन्दा बढी आश्रित रहेका हुन्छन् । उनीहरू आफ्नो लेनदेनको लागि जे पनि दिन तयार हुन्छन् । त्यति बेला आफ्नो अस्तित्व, स्वाभिमान कहाँ राख्नुपर्ने हो त्यो सोच्दैनन् । भोट माग्ने बेला र मञ्चमा भाषण गर्ने बेला एक अर्काप्रति आरोप लगाउँछन् । कुनै कुरा बिग्रियो भने भारतलाई दोष दिन्छन् । चीनले आफ्नो सिमाना कहाँसम्म ल्याइ पुऱ्याएको छ, त्यो त्यस विषयमा कहिल्यै विचार गरेन तर कुनै नदीले माटो बगाएर सीमामा लगेर थुपाऱ्यो भने भारतले घर बनाएर सीमा मिच्न लाग्यो भन्छ ।

**० कुनै न कुनै ठूला-साना राजनीतिक घटना हुने बित्तिकै भारतलाई दोष दिने गरिन्छ, यस्तो किन हुन्छ ?**

– पहिले भारत सरकारबाट नेताहरूको माग अनुसार हिसाब हुन्थ्यो भने अहिले मोदी सरकारले हिसाबमा टाइट गरेको हुनाले र केही प्रायोजित नेताहरू छन् जसले भारतलाई गाली जति गऱ्यो त्यति पुरस्कृत हुने र चीनबाट पनि फाइदा हुने सोचमा बसेका छन् । देशको हक हितमा बोल्ने कुनै नेता आजसम्म मैले देखेको छैन । कसरी आन्तरिक शक्तिलाई कमजोर पार्ने, एक भूगोलकाले अर्को भूगोललाई गाली गर्ने र आफना् स्वार्थअनुसार राष्ट्रियता मजबूत हो भन्न लगाउने प्रवृति देखिएको छ । यसमा नेपालीहरू पनि कमजोर मनस्थितिका छन् भन्ने मलाई लाग्छ ।

**० संविधान संशोधनको प्रस्ताव पारित गर्दा पनि यो नेपालीहरूको प्रस्ताव नै होइन भन्ने पनि अभिव्यक्ति आयो, यसलाई कुन रूपमा हेर्नुभयो ?**

– संविधान संशोधन छुट्टै विषयको कुरा हो । भन्न त कतिपयले भारतले उचालेको हो पनि भन्छन् । यो संविधान संशोधन भनेको जनताकै हितको लागि गरिने हो ।

**० नेपालले छिमेकी मुलुकको रूपमा भारतलाई पाउनु वरदान हो कि अभिशाप हो ?**

– नेपालको लागि भारत वरदान र अभिशाप दुवै भन्न चाहन्न म । यो छिमेकी देश हो । प्रजातन्त्रको उदाहरणको विषयलाई कसैले लियो भने भारतकै नाम लिन्छ । त्यसैले हामी भारतसँग मिलेर गयो भने वरदान हुन्छ र उसलाई धपाउने नीतिका साथ गयो भने अभिशाप हुन्छ जस्तो मलाई लाग्छ ।

# एजेन्डाभन्दा बढी आरोप प्रत्यारोप लगाउँदै उम्मेदवारहरू

**राकेश यादव, रौतहट ।**

रौतहट जिल्लामा आसन्न प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा होमिएका राजनीतिक दलका उमेदवारहरू एक अर्का माथि आरोप प्रत्यारोप लगाउँदै चुनावी प्रचार गरिरहेका छन् ।

लोकतान्त्रिक गठबन्धन, बाम गठबन्धन, संघीय फोरम र राजपा नेपालका गठबन्धन तथा बागी उम्मेदवारहरूले एक अर्कामाथि आरोप लगाउँदै मतदाताहरूलाई रिझाउने कार्य गरिरहेका छन् ।

नेपाली कांग्रेसका उम्मेदवारहरू बाम गठबन्धन माथि आरोप लगाउँछन भने बाम उम्मेदवारहरू मधेशवादी दल, कांग्रेसप्रति प्रहार गर्दै प्रचार प्रसार गरिरहेका छन् ।

आफ्नो-आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसारमा रहेका उम्मेदवारहरू विकासका मुद्दा कम आरोप बढी लगाउने गरेका देखिएका छन् ।

राजपा फोरमका उम्मेदवार अनिल झाले वाम गठवन्धन मधेश विरोधी भएकोले मत नदिन मतदाताहरूलाई आग्रह गरेका छन् । उनले नेपाली कांग्रेस र बाम उम्मेदवारले रकम वितरण गरिरहेको समेत आरोप लगाएका छन् ।

वाम गठबन्धनका उम्मेदवार सत्यनारायण भगतले अनिल झालाई लक्षित गर्दै विदेशी शक्तिबाट रकम ल्याई मत खरिदने गरेको दावी गर्दै कांग्रेस माथि टिकट विक्री गरी ठेकेदारलाई उम्मेदवार बनाएको आरोप लगाएका छन् ।

कांग्रेसका उम्मेदवार कृष्णा प्रसाद यादवले मधेशवादी दलले परिवारपादमा सीमित भई आन्दोलनमा सहादत भएका शहीद परिवारलाई बेवास्ता गरेको प्रचार गर्दैछन् ।

जिल्ला सभापति समेत रहेका यादवले देशमा अधिनायकवाद शासन ल्याउनका लागि बाम एकता भएकोले लोकतन्त्रको रक्षाका लागि कांग्रेसलाई मत दिन मतदाताहरूसित अपील गरिरहेका छन् ।

फोरमका बागी उमेदवार बबन सिंहले मधेशी नेताहरूप्रति विभिन्न किसिमका आरोप लगाउँदै प्रचार गरिरहेका छन् । मधेश तराई फोरमका राष्ट्रिय अध्यक्ष एवं रौतहट क्षेत्र नंबर १ का प्रतिनिधि सभा उम्मेदवार अमर यादव नेपाली कांग्रेस र नेकपा एमाले, नेकपा माओवादी र मधेशी दल माथि लांछना लगाउँदै मत माग्दै छन् ।

दलहरूको उम्मेदवारहरूको यस्तो कार्यप्रति नेपाली जनता अन्यौलमा रहेका छन् ।

विकास, बेरोजगारी समस्या समाधान, उद्योग, कलकारखाना स्थापना, विश्वविद्यालय खोलने, सिचाई, गरीबका लागि विशेष पैकेज, स्वास्थ्य, बाटो घाटोको विकास, महंगाई नियन्त्रण, किसानका लागि अनुदान उपलबध गराउने विषयमा प्रतिवद्धता, घोषणा गर्ने उम्मेदवार कमै छन् ।

स्थानीय गोपाल पंडितले नेताहरू एक अर्कामाथि आरोप लगाउने काम अधिक गरिरहेका बताएका छन् ।

जनताको आधारभूत आवश्यकता के हो भने विषयमा कोही पनि नबोल्ने खाली एकले अर्को पार्टीप्रति प्रहार गर्ने गरेको गुनासो पंडितको रहेको छ ।

राजहर यादवले फरक फरक मुद्दा उठाउनुको साथै आरोप प्रत्यारोप लगाउने कार्य भैरहेकोले कसलाई मत दिने भने अन्यौलता बढेको बताए । चुनावको बेलामा सभ्यता कायम गरी जनताका लागि चाहिने अधिकार, स्वतन्त्रता, विकास, स्तरीय शिक्षा, स्वास्थ्य, भ्रष्टाचार उन्मूलन कसरी गर्ने विषयमा घोषणा पत्र, लिखित प्रतिवद्धता गर्नु पर्ने आवश्यकता रहेको छ ।


## सूचना सूचना सूचना

आम उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै यस निर्देशनालयले कालीमाटी फलफूल तथा तरकारी बजारको परिसर लगायत देशका विभिन्न स्थानहरूमा विषादी द्रुत विश्लेषण प्रयोगशाला स्थापना गरी तरकारी तथा फलफूलहरूमा मानव स्वास्थ्यमा हानी गर्ने तहसम्म विषादी छ छैन भनी जाँच कार्य गरिदै आएको छ । सो जाँच गर्दा हानी गर्ने तहको विषादीको मात्रा पाइएमा विषादी द्रुत विश्लेषण प्रयोगशाला कार्यविधि तथा कानून बमोजिम कारबाही हुने व्यहोरा जानकारी गराउँदछौं । तसर्थ उत्पादन गर्ने कृषक, संकलक तथा व्यापारीहरूले विषादीले मानव स्वास्थ्यमा हुने असरलाई मनन गरी यसप्रति सचेत रहन सूचित गरिन्छ । सबैले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक गरौं । विषादीबाट हुन सक्ने असरबाट बचौं र बचाऔं ।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
बाली संरक्षण निर्देशनालय, हरिहरभवन


## संक्षिप्त समाचार

### समृद्ध बनाउने योजना छ :मन्त्री बोहोरा

रूपन्देही । स्वास्थ्य मन्त्री दीपक बोहोराले रूपन्देहीलाई नेपालकै नमुना जिल्ला बनाउने उद्घोष गरेका छन् । लोकतान्त्रिक गठबन्धनबाट रूपन्देही जिल्लाको क्षेत्र नं ३ का प्रतिनिधिसभाका साझा उम्मेदवार हुनुभएका मन्त्री बोहोराले लुम्बिनी अन्तराष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपछि रूपन्देहीको आर्थिक र सामाजिक विकासले गति लिने बताए । उनले अहिले पनि विकास निर्माणका काम धेरै भईसकेको र वाँकी रहेका कामपनि छिट्टै सम्पन्न गर्ने प्रतिवद्धता व्यत्त गरेका छन् । उनले आफ्नो प्रतिस्पर्धी बाम गठबन्धनका उम्मेद्वार घनश्याम भूसालले आफ्नो क्षेत्रमा एउटा पनि विकास निर्माणको काम नगरेको आरोप लगाए ।

### "महिला अधिकारप्रति कांग्रेस सधैं उदार"

धनगढी । चुनावी प्रचारप्रसारका क्रममा शनिबार कैलालीको क्षेत्र नम्बर ५, धनगढी उपमहानगरपालिकाको वडा नम्बर २ को भगवतीटोलमा भएको चुनावी सभामा डाक्टर आरजुले आमाको नामबाट नागरिकता, पैतृक सम्पत्तिमा महिलाको अधिकार लगायत महिला अधिकारको संवैधानिक सुनिश्चितताका लागि कांग्रेसले निर्णायक भूमिका निर्वाह गरेको बताइन् । उनले पछिल्लो २० वर्षको अवधिमा सुदूरपश्चिमको आर्थिक र सामाजिक अवस्थामा उल्लेख्य सुधार भएपनि अझै काम गर्न बाँकी भएको र ति कामहरूलाई समाधान गर्न सक्ने महशुस गरी पार्टी आफूलाई जिम्मेवारी सुम्पेको पनि बताइन् ।

### मतदाताहरूलाई स्वतन्त्र उम्मेदवारको आग्रह

वीरगंज । पर्सा जिल्ला क्षेत्र नं. १ को ूखू बाट प्रदेशसभा सदस्यको स्वतन्त्र उम्मेदवार ओमप्रकाश सर्राफले जोसुकै उम्मेदवार भए पनि उसले समाजमा गरेको लगानी, योगदान र चरित्रको आधारमा मात्र मतदान गर्न मतदाताहरूमा आग्रह गरेका छन् । आइतबार वीरगंज महानगरपालिकाको वडा नं. १६ को नगवा, घुसुकपुर लगायतका स्थानमा घरदैलो कार्यक्रम गर्दै नेता सर्राफले प्रदेशसभा सदस्यका लागि मोबाइल छापमा मतदान गरी भारी मतले बिजयी बनाउन आग्रह गरेका छन् । घरदैलो कार्यक्रममा राजपाका पुर्व वीरगंज नगर अध्यक्ष समेत रहेका उम्मेदवार सर्राफले चुनावको समयमा विभिन्न उम्मेदवारहरूले पैसा, भोज भतेरको लोभ देखाएर भोट लिने प्रयास गर्छन् तर त्यस्तालाई राम्ररी पहिचान गरी सचेत भएर मतदान गर्न सबैमा आग्रह गरेका छन् ।

### मतदाता शिक्षा र स्वयंसेवक परिचालन

मोरङ । मतपत्रमा स्वस्तिकको छाप र मतपत्र पट्याउने तरिकाबारे मतदातालाई जागरूक बनाउन मोरङमा मतदाता शिक्षा कार्यकर्ता र स्वयंसेवक परिचालन भएका छन् । जिल्लाको १७ वटा स्थानीय तहको १५९ वटै वडाका लागि ७४० मतदाता शिक्षा कार्यकर्ता र स्वयंसेवक खटाइएको निर्वाचन आयोगको कार्यालयले जनाएको छ । मतदातालाई मतपत्रको विषयमा जागरूक बनाउन खटिएका उनीहरूमाथि निगरानी गर्न प्रत्येक वडाका सचिवलाई सुपरीवेक्षकको रूपमा र १७ वटै स्थानीय तहका प्रशासकीय अधिकृतलाई समन्वयकर्ताको रूपमा नियुक्त गरी परिचालन गरिएको बताइएको छ ।

### कटुवा पेस्तोलसहित पक्राउ

धनुषा । हंशपुर नगरपालिका-४ बस्ने ३२ वर्षीय ललन महतोलाई कटुवा पेस्तोल १ थान सहित सोमबार प्रहरीले पक्राउ गरेको छ । हंशपुर नगरपालिका-४ सुगानिकास बजारमा जिल्ला प्रहरी कार्यालय धनुषा र ईलाका प्रहरी कार्यालय सुगानिकासको संयुक्त चेकिङ टोलीले शंका लागि जाँच गर्दा महतोलाई उक्त हतियार सहित फेला पारी नियन्त्रणमा लिएको हो ।

### माथिल्लो तलाबाट खसेर बालिकाको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-९ बेसक्याम डेरा गरी बस्ने महोत्तरीको गौशाला नगरपालिका-५ का संजीब शाह रौनियारकी २ बर्षीया छोरी रसिका शाह रौनियारको घरको माथिल्लो तलाबाट खसेर आइतबार मृत्यु भएको छ । खेल्ने क्रममा अचानक खेर गम्भीर घाइते भएकी ती बालिकाको उपचारको लागि मेडिकल कलेज भैरहवा लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### बसको ठक्करबाट दुईको मृत्यु

रौतहट । बसको ठक्करबाट मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ । गरूडा नगरपालिका-४ स्थित चपुरबाट गौर जांदै गरेको ग.१ ख ६६२४ नम्बरको बसले बिपरित दिशाबाट आउदै गरेको बि.आर. ३० एन ५१९५ नम्बरको मोटरसाइकललाई आइतबार ठक्कर दिएको थियो । ठक्करबाट घाइते भएका मोटरसाइकलमा सवार देवाही गोनाही नगरपालिका-९ धरहरी बस्ने ४५ बर्षीय मुनितराम मिश्र र माधव नारायण नगरपालिका-३ सखुअवा बस्ने ५० बर्षीय राम प्रकाश यादवको उपचारको क्रममा चपुर सरकारी अस्पतालमा मृत्यु भएको छ । बस र बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### विप्लवका कार्यकर्ता पक्राउ

कपिलवस्तु । विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका चारजना कार्यकर्ता पक्राउ परेका छन् । मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको चहल पहल बढ्दै गएको बेला निर्वाचन विरोधी गतिविधिमा संग्लन हुन सक्ने भन्दै प्रहरीले चार जनालाई कार्यकर्तालाई पक्राउ गरिएको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनाएको छ । जिल्लाको शिवराज गाउँपालिकाबाट तीन र महाराजगञ्जमा एक गरी चार जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ, त्यसैले सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# धार्मिकस्थलहरूमाथिको आक्रमणबारे जवाफ दिनुपर्छ

**-मंजूर अहमद**

अक्टोबर महीनाको शुरूमा बलोचिस्तानको झलमाग्सी शहरको एक सूफी दरगाहमा प्रार्थना गरी राखेको बखत एक आत्मघाती बमवर्षकले त्यस दरगाहको बाहिर आत्महत्या गर्दा १३ प्रार्थीको ज्यान गएको थियो भने २७ अन्य घाइते भएको थियो। यस वर्षको शुरूमै सिन्ध प्रान्तको लाल शाहबाज कलन्दरको दरगाहमा पनि एक आत्मघाती बमवर्षकले आत्महत्या गर्दा ८० जना मारिएका थिए। यस्ता आक्रमणहरूबाट अधिकांश सुन्नी अतिवादी तथा आतंकवादी संगठनहरूले उदार धार्मिकता तथा बहुबाद विरूद्ध खुलेर विनाशकारी गतिविधि संचालति गर्दै विनाश गर्दै आएको स्पष्ट हुनुपर्ने कुरा संकेत गर्दछ। सूफी प्रार्थनास्थलहरूमाथि निरन्तर हुँदै आएको आक्रमण सम्बन्धमा सिन्धि समाचारपत्र 'सिन्ध एक्सप्रेस' ले यस्तो आलोचनात्मक टिप्पणी गरेको छ :- "बलोचिस्तानको प्रार्थनास्थलमाथि विगतमा नूशनी शाह दरगाह, लाल शाहबाज कलेण्डर र अन्य सूफी प्रार्थनास्थलहरूमाथि गरिएको आक्रमण जस्तै गरिएको थियो र त्यस आक्रमणहरूको निरन्तरताबाट उग्रवादीहरूको बलोचिस्तानमा गहिरो प्रभावसँगै बलियो आधार रहेको छ जो सिन्धको जैकोबावाद, शिकारपुर सुक्कुर र घोटकी देखि पंजाबको साराइकी बेल्दसम्म फैलिएको छ।" जसप्रति राज्य संवेदनशील नरहेको देखिएको छ। राजनीतिक नेतृत्वले जोडदार भाषण गरे पनि केही गरेको छैन। वास्तवमा भन्ने हो भने अधिकांश आतंकवादी संगठनहरू राज्यकै संरक्षण संचालितरही फस्टाउँदै आएको छ। लाहौर र पेशावर जस्ता ठूला शहरहरूबाट खुलस्त रूपमा त्यसले आफ्नो आतंकी गतिविधिहरू निरन्तर रूपमा संचालन गर्नुबाट त्यसमा राज्यको संरक्षण रहेको पुष्टि गर्दछ।

पाकिस्तानका सदाबहार संरक्षक पाकिस्तानी सेनाको जबाफ गैरजवाफदेहिपूर्ण रहेको छ। यस वर्षको फरबरीमा लाल शाहबाज कलन्दर दरगाहमाथि बरावर आक्रमण सम्बन्धमा जनरलहरूले आतंकवादीहरू विरूद्ध लडाईको घोषणा मात्र गर्ने गरेकाछन् ? सेनाको इन्टर-सर्भिसेज पब्लिक रिलेशन्स (आई.एस.पि.आर.) का प्रमुख मेजर जनरल आसिफ गफूरले यस्तो घोषण गरेका थिए - "हामी प्रतिरक्षा गर्नेछौं, कुनै आतंकवादीलाई छाड्ने छैनौं।" त्यस पछि उनले आफ्नो प्रमुख जनरल कमार जावेद बज्वाको भनाई उद्घृत गर्दै भनेका थिए – "पाकिस्तानको सुरक्षा बलले अतिवादी शक्तिहरूलाई सफल हुन दिने छैन। हामी आफ्नो राष्ट्रका लागि उभिरहने छौं। राष्ट्रको हरेक थोपा खूनको प्रतिशोध लिईनेछ र तुरून्तै प्रतिशोध लिइनेछ। कसैलाई पनि छूट दिइने छैन।" त्यस पछि आइ.एस.पि.आर.ले सेनाले १०० भन्दा बढी आतंकवादीहरूलाई मारेको भन्ने दोस्रो घोषणा संचारमाध्यम मार्फत गर्यो तर त्यसमा कहाँ र क-कसको हत्या किन गरियो त्यस बारे केही उल्लेख गरिएन ? तर धूर्त जनरलले प्रतिक्रिया स्वरूप अर्को झूठो प्रचारबाजी स्वरूप अफगानिस्तान बाहिरबाट आएका आतंकवादीहरू संचालित रहेको अभिव्यक्ति दिएका थिए ? यसै प्रकारले जनरलहरूको आफ्नो एजेन्टलाई संरक्षित गर्दै सामान्य जनतालाई सताउँदै आएका छन् ?

त्यस आक्रमणको सम्बन्धमा 'सिन्ध एक्सप्रेस' ले आफ्नो एक लेख मार्फत तथ्यको खुलासा यस प्रकार गरेको थियो - "आतंकवादीहरू त्यस बखत सिन्ध र पंजावमा सक्रिय रहेका थिए।" त्यस प्रतिवेदन लेखमा वर्गीकरण गर्दै यस प्रकार उल्लेख गरिएको थियो- "अफगानिस्तान पछि बलोचिस्तान आतंकवादको उर्वरभूमि रहेको छ र त्यस्ता सबैको रिमोट कन्ट्रोल वा नियन्त्रण तथा संचालन केन्द्र एउटै रहेको छ।" के यो त्यही बलोचिस्तान होइन, जहाँ वर्षौंदेखि सेना र थुप्रै सुरक्षा निकायसँग सम्बन्धित संस्थाहरूले बलोचिस्तानलाई लक्षित गर्दै व्यापक स्तरमा खोज गर्दै विध्वंसात्मक गतिविधिहरू संचालित गर्दै आएका छन् ? मुशर्रफको कार्यकालदेखि त बलोचिस्तानमा सेनाको उपस्थिति र ज्यादतीहरू कैयौं गुणा बढाउने कार्य मात्र हुँदै आएको छ ? तैपनि सँधै बलियो र निगरानी गर्दै आएको सेनाले सूफी प्रार्थनास्थलहरू तथा निर्दोष उपासकहरूमाथि आतंकवादीहरूले गर्दै आएको आक्रमणहरूलाई बिर्सिदै आएको छ ? पाकिस्तानका संचारमाध्यमहरू वा राजनीतिक नेतृत्वले समेत यस कुराको उठान गरी बेला-बखतमा त्यस बारे प्रश्न समेत तेर्स्याउने गरेका छन् ? यस प्रश्नको एउटै मात्र जवाफ छ कि राज्यकै सहमतिमा आतंकवादी संगठनहरूले सूफी प्रार्थनास्थलहरू र पाकिस्तानी नागरिकहरूमाथि कारवाहि गर्ने अधिकार नभएको भनी क्षमा माग्ने कार्य केबल अविश्वसनीय र भ्रामक रहेको छ। त्यस्तो हुनुको कारण राजनीतिक दलहरूले निर्वाचनमा विजय प्राप्त गर्नका लागि तिनै आतंकवादीहरूलाई प्रयोग गर्दै आएका छन् भने प्रतिवेदित उदाहरणहरू अनुसार राजनीतिक वर्गले प्रत्यक्ष वा अप्रत्यक्ष रूपले त्यस्ता आतंकवादीहरूलाई दान समेत दिएर आफ्ना हितमा प्रयोग गर्न निमित्त सघाउँदै आएका छन्।

सेनाको त्यस्ता आतंकवादी तथा आतंकवादी संगठनहरूसँग रहेको संलग्नता खुलश्त नै रहेको छ। हुन त सेनाले प्राय: तिनीहरूलाई सघाउने सम्बन्धमा असहमति नै जनाएको छ तर पनि हालै आई.एस.पि.आर. का प्रमुख मेजर जनरल गाफूरले सेना र आतंकवादीहरूबीचको 'सहयोग' र 'सम्पर्क' बारे एक अस्वभाविक अभिव्यक्ति दिएका छन्। तर पनि यो स्पष्ट रूपमा सर्वविदित नै छ कि सेनाले देशभित्रका अन्य र छिमेकी देश भारत र अफगानिस्तालाई सताउने उद्देश्यले आतंकवादी तथा अतिवादी संगठनहरूलाई सघाउँदै तिनीहरूलाई प्रयोग गर्दै आएका छन् ? सेनाद्वारा कश्मीरमा संचालित निहादका क्रममा प्राय: त्यस्ता सबै आतंकवादी संगठनहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ? थुप्रै अवसरहरूमा यो जाहिर हुँदै आएको छ कि अन्य अल्पसंख्यकहरू तथा धार्मिकस्थलहरूमाथि आक्रमण गर्ने आतंकवादीहरूले सैनिक शिविरहरूमा सजिलैसाथ आश्रय पाएका छन्। एक सार्वजनिक उदाहरण अनुसार अन्य अल्पसंख्यकहरूमाथि आक्रमण गर्ने आतंकवादीहरूलाई लखेट्ने प्रहरी टीमलाई सैनिक शिविरमा पस्न दिईएन जबकि मोटरसाइकलमा सवार आतंकवादीहरूलाई स्वतन्त्र भएर सेनाले खुलस्त रूपमा नै आतंकवादीहरूलाई सघाएका छन् ? पाकिस्तानी जनताले अब महशूस गर्नु परेको छ कि सूफी धार्मिक स्थहरूसँगै अन्य अल्पसंख्यक समुदायहरूमाथि आतंकवादीहरूद्वारा गरिँदै आक्रमणहरू पाकिस्तान बाहिरबाट नभएर राज्यद्वारा संरक्षित खासगरीकन पाकिस्तानको संरक्षक रहेको दावी गर्ने सेनाका जनरलहरूबाट नै हुँदै आएको छ ? *–एजेन्सी*

# नैन्ही स्वास्थ्य चौकी शौचालयविहीन

**अर्जुन कुमार साह/महोत्तरी**

जलेश्वर नगरपालिका वडा नं. १२ को स्वाथ्य चौकीमा शौचालय नहुँदा समस्या देखिएको छ। स्वास्थ्य चौकीको भवनमा रहेको प्रहरी चौकीमा शौचालय छ तर दैनिकी सेवा लिन आउने स्वास्थ्य चौकीका सेवाग्राही खुल्ला ठाउँमा दिसा पिसाब गर्न बाध्य छन्। स्वास्थ्य चौकीमा अहिले ५ जना कर्मचारी रहेका छन् जसमध्ये १ महिला अनमी अनि ४ पुरूष कर्मचारी छन्। ती सबै अहिले नजिक रहेका प्रहरी चौकीको शौचालय प्रयोग गर्ने गरेका छन्।

शौचालय निर्माणका लागि साबिक गाबिस नैन्हीमा प्रस्ताब समेत गरेको तर बजेट निकासा नहुँदा बन्न नसकेको साथै पटक पटक जिल्ला जनस्वास्थ्य कार्यालयलाई समेत आग्रह गरेको तर पनि केही हुन् नसकेको स्वास्थ्य चौकी प्रमुख जयकिशोर साहले जानकरी गराए। दिनहुँ स्वास्थ्य चौकीमा ५० जनाको संख्यामा बिरामीहरू सेवा लिन आइरहेको हुँदा ति सेवाग्राहीहरू खुल्ला ठाउँमा त कोही आफ्नै निबास स्थानमा शौचालय गर्ने गरेका छन्।

मिति २०७४/६/३० गतेका दिन नेपाल मधेश फाउन्डेशनका जिल्ला समन्वय समितिले ती स्वास्थ्य चौकीमा अनुगमन गरेको थियो। अनुगमन समूहमा रहेका जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत अनिल कुमार पाण्डेयका अनुसार शौचालय निर्माणका लागि सम्बन्धित निकायसित पहल गर्नुपर्ने बताए।

स्थानीय तारादेवी ठाकुरको भनाइअनुसार स्वास्थ्य चौकी जस्तो क्षेत्रमा शौचालय नहुँदा सेवाग्राहीहरू विशेषगरी महिलाहरू धेरै समस्या भोगी रहेका छन्। यसलाई



*जलेश्वर नगरपालिका वडा नं. १२ नैन्हीको स्वास्थ्य चौकी।*

छिट्टै समाधानका लागि निर्वाचित वडा अध्यक्षले बैठक बोलाई समाधानको पहल गर्नुपर्यो। नेपाल मधेश फाउन्डेशनकी सामुदायिक परिचालिका नैनादेवी महराको भनाइअनुसार सम्बन्धित निकाय जबाबदेही हुनुपर्यो र यस्ता समस्या समाधानका लागि सबै जना अग्रसर भई अगाडी बढ्नुपर्ने छ।

## सीमामा कडाई गरिने

सुनसरी। प्रतिनिधि तथा प्रदेशसभाको चुनावलाई लक्षित गरेर चौतर्फी हिंसात्मक आक्रमण हुन थालेपछी नेपाल-भारत सीमा क्षेत्रमा कडाई गरिने भएको छ। सुनसरीको धरानमा आइतबार बसेको दुवै मुलुकका सुरक्षा अधिकारीहरूको संयुक्त बैठकमा आगामी निर्वाचनलाई लक्षित गरि सुरक्षा व्यवस्था कडा पार्ने सहमति भएको हो। बैठकमा झापा, मोरङ, सुनसरी र भारतका अररीया, किशनगंजका सुरक्षा प्रमुखहरूको सहभागिता थियो। यस्तै, भारत अररिया र किशनगञ्ज जिल्लाका प्रहरी प्रशासन तथा सिमा सुरक्षा वल एसएसवीका प्रमुखहरूको उपस्थिति थियो। बैठकमा सहभागी सुनसरीका प्रमुख जिल्ला अधिकारी गोपाल पराजुलीका अनुसार नेपालको निर्वाचन सफल बनाउन भारतको तर्फबाट सुरक्षा सहयोग, निर्वाचनमा ७२ घण्टा सीमा बन्द र सीमा क्षेत्रमा हुने अपराधिक क्रियाकलापहरू दुबै देशका सुरक्षाकर्मीहरूले एक आपसमा सहयोग आदानप्रदान गर्ने तथा खुल्ला सिमानाका कारण हुने अपराधिक घटना नियन्त्रणमा संयुक्त रूपमा काम गर्ने सहमति भएको छ।

## तीन दिन सीमा बन्द

भैरहवा। अगामी मंसिर २१ थते हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन अघि भारतसँग जोडिएका रूपन्देही, नवलपरासी र कपिलवस्तु जिल्लाको सीमा नाका मंसिर १९, २० र २१ गतेसम्म बन्द हुने भएको छ। त्यस्तै, भारतको उत्तर प्रदेशमा मंसिर १३ गते हुने स्थानीय तह निर्वाचन अघि पनि तीनै जिल्लाका सीमा नाका मंसिर १२ र १३ गतेका लागि बन्द गर्ने सहमति भएको रूपन्देहीका साहयक प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले जानकारी दिए।

## जिल्ला समाचार

### पूर्वराजदूत प्रचारप्रसारमा व्यस्त

कपिलवस्तु। आसन्न प्रतिनिधि र प्रदेशसभाको निर्वाचनका लागि कपिलवस्तु क्षेत्र नं. १ मा नेपाली कांग्रेसका उम्मेदवार प्रचार प्रसारमा व्यस्त रहेका छन। मंसिर २१ गते हुने निर्वाचनका लागि नेपाली कांग्रेसलाई जिताउन उम्मेदवारसहित नेता कार्यकर्ता अहिले भेटघाट, घरदैलो र कार्यक्रममा व्यस्त देखिएका हुन। नेपाली कांग्रेश वाणगंगा नगर स्तरिय प्रंचार प्रसार समितिको कार्यालयको जितपुरमा उद्घाटन गर्दै उनले प्रतिष्पर्धी दलहरूले चुनावी कार्यक्रमलाई अत्यन्त मित्रवत ढंगबाट अगाडी बढाउनुपर्ने पनि बताए। नेपाली कांग्रेस क्षेत्र नं. १ का प्रतिनिधि सभाका उम्मेदवार तथा भारतका लागि पूर्व नेपाली राजदूत दिपकुमार उपाध्यायले बामगठबन्धनले लोकतन्त्र पक्षधरहरूलाई एकजुट बनाएको बताउदै जनताकै साथले आएको लोकतन्त्र जोगाउन जनताले नेपाली कांग्रेसलाई जिताउनेमा बिश्वस्त रहेको बताए।

### "टीकापुर घटना मात्र जघन्य अपराध कसरी ?"

कैलाली। नेपाली कांग्रेस कैलाली क्षेत्र नं १ प्रतिनिधि सभाका उम्मेदवार ईश्वरी न्यौपानेले वामपंथीहरूले जनतालाई फेरि अर्को निरंकुशताको जंजिरमा बाँध्न खोजी रहेकोले सबैलाई सचेत रहन आग्रह गरेकी छन्। कम्युनिष्ट शासन कस्तो हुन्छ भनेर जनताले माओवादीले चलाएको १० वर्षको सशस्त्र आन्दोलनमा भोगीसकेकाले जनताले वामगठवन्धनलाई कुनै हालतमा पनि मत नदिने दावी गर्दै उम्मेदवार न्यौपानेले जनता लोकतन्त्रको पक्षमा रहेको बताइन्। २०७२ सालमा भएको टीकापुर घटनालाई नेपाली कांग्रेसले राजनीतिक आन्दोलनका क्रममा भएको अप्रिय घटना बताईरहेको स्पष्ट पार्दै उनले फेरि जातीय र साम्प्रदायिक नारा उचालेर सामाजिक सद्भाव विगार्न लाग्नेहरूका कडा शब्दमा निन्दा गरिन्। उनले माओवादीले १७ हजार मान्छे मार्दा राजनीतिक घटना हुने अनि यसलाई मात्र जघन्य अपराध वताउने भन्ने प्रश्न गर्दै नेता न्यौपानेले थारूको अधिकार स्थापित गर्न काग्रेसले खेलेको भूमिकाप्रति सबै जानकार रहेको बताइन्।

### कांग्रेस-एमालेका नेता कार्यकर्ता फोरममा

वीरगन्ज। आउँदो मंसिर २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति नजिकिँदै गर्दा पर्साको क्षेत्र नम्बर ३ मा मधेशी गठबन्धनका उम्मेदवारहरूले चुनावी घरदैलो र अन्य दलका नेता कार्यकर्तालाई आफ्नो पार्टीमा भित्र्याउने क्रम तीव्र पारेका छन्। सो क्षेत्रमा अन्य पार्टी परित्याग गर्दै अहिलेसम्म हजारौ कार्यकर्ता संघीय समाजवादी फोरममा प्रवेश गरिसकेका छन्। ३ नम्बर क्षेत्रमा मधेशवादी गठबन्धनबाट प्रतिनधिसभा उम्मेदवार हरिनारायण रौनियार र संघीय समाजवादी फोरम नेपालका जिल्ला नेता गौरिशंकर साहको उपस्थितिमा पर्साको बहुअर्वामा नेपाली कांग्रेस र एमालेका सयौं नेता तथा कार्यकर्ताहरू फोरममा प्रवेश गरेका छन्। फोरमका केन्द्रीय सदस्यसमेत रहेका रौनियारले उनीहरूलाई टीका लगाएर पार्टीमा प्रवेश गराएका थिए। यसैगरी सोमबार पनि निर्वाचन क्षेत्रमा चुनावी घरदैलो कार्यक्रम भइरहेको छ। पर्साको रामनगरीमा प्रतिनिधिसभा सदस्यका उम्मेदवार रौनियार, प्रदेशसभा सदस्यका उम्मेदवार प्रह्लाद गिरी, नेताहरू प्रदीप जैसवाल, अजय गुप्तालगायत सयौंको सहभागितामा घरदैलो कार्यक्रम सम्पन्न भएको छ।

### "वाम गठबन्धनको पराजय निश्चित"

नेपालगन्ज। नेपाली काँग्रेस बाँकेका सभापति किरण कोईरालाले बाँकेमा लोकतान्त्रिक गठबन्धनको विजय सुनिश्चित भइसकेको बताइन्। नेपालगन्जका विभिन्न वडामा आईतबार आयोजित लोकतान्त्रिक गठबन्धनको सम्पर्क कार्यालय स्थापना, चुनावी सभा तथा घरैदेलो कार्यक्रमलाई सम्बोधन गर्दै कोईरालाले वाम गठबन्धनका उम्मेदवारहरू हारको मानसिकता बोकेर मतदातालाई प्रलोभन पार्ने काम गरिरहेको बताइन्। देशमा संकट पर्दा सधै नेपाली काँग्रेसलाई नेपाली जनताले साथ दिँदै आएको स्मरण गराउँदै उनले अहिले पनि लोकतन्त्रलाई नै संकट पार्न लागिएकोले जनताले साथ दिने विश्वास गरिन्।

### सुरक्षा अधिकारीबीच छलफल

जनकपुरधाम। पहिलो चरणमा हुन लागेको चुनाव हिंसात्मक बन्न थालेपछि भारतीय सीमावर्ती जिल्लाका सुरक्षा अधिकारीहरूले सीमा क्षेत्रलाई सुरक्षित बनाउन शुक्रबार संयुक्त छलफल गरेका छन्। नेपाल र भारतको सीमा जोडिएका दुवै देसका सुरक्षा अधिकारीहरू सम्मिलित बैठकमा चुनावलाई सुरक्षित बनाउन विभिन्न रणनीतिहरूमाथि छलफल गरेको बताईएको छ। भारतीय सीमासित जोडिएका जिल्लाका सुरक्षानिकायका प्रमुखहरू सुरक्षा तयारीमा जुटेका छन्। मंसिर २१ गते हुने प्रतिनिधि र प्रदेश सभा चुनावमा सुरक्षा चुनौतीबारे दुवै देशका सुरक्षा अधिकारीहरूको बैठकमा सीमा बन्द गर्ने, सीमा क्षेत्रमा चेकजाँच कडा गर्ने, सुरक्षा गस्तीहरू बढाउने विषयमा छलफल भएको धनुषाका प्रमुख जिल्ला अधिकारी दिलिप चापागाईले बताए। भयरहित वातावरणमा चुनाव सम्पन्न गर्न भारतले हरसम्भव सहयोग गर्ने प्रतिबद्धता काउण्टर पार्टले जनाएको उनले बताए।

### क्रिकेट प्रतियोगिताको उपाधि बिहारलाई

वीरगंज। युवा जनशक्ति समाज नेपाल वीरगंज-३ को आयोजनामा वीरगंजमा संचालित नेपाल भारत महिला तथा पुरूष क्ष्लएी क्रिकेट टुर्नामेन्टमा महिला र पुरूषतर्फको उपाधि बिहारले हात पारेको छ। वीरगंजको आदर्शनगर रङ्गशालामा ५ दिन देखि संचालित क्रिकेट टुर्नामेन्ट अर्न्तगत पुरूष तर्फ भएको फाइनल खेलमा बिहारले जित हातपारेको छ। वीरगंज गहवाले व्याटिङ्ग गर्दै ५३ रनको लक्ष्य दिएकोमा बिहारले लक्ष्य पुरा गर्दै ७ विकेटले विजय हासिल गरेको छ। त्यसैगरी महिलातर्फ भएको फाइन खेलमा पनि बिहारले नै जित हात पारेको छ। बिहारले व्याटिङ्ग गर्दै ९१ रनको लक्ष्य दिएकोमा युपीले ५३ रनमै अल आउट भएपछि बिहारले विजयी भएको छ। संस्थाका अध्यक्ष बिनेश प्रसाद कुमीको सभापतित्वमा भएको समापत्र शत्रमा प्रमुख अतिथि राजपाका युवा नेता राजेशमान सिंहले पुरूष र महिला तर्फका बिजेतालाई क्रमश ५१ हजार र २१ हजारले सम्मान गरेका थिए। त्यसैगरी पुरूष तथा महिलातर्फका उपबिजेता संस्थाका अध्यक्ष बिनेश प्रसाद कुर्मीले क्रमश: २१ हजार र ११ हजार सहित मेडल, शिल्डले सम्मान गरेका थिए।

## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ। यो सरूवा रोग होइन।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु।
- मुसा, कोठीमा परिवर्तन आउनु।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने।
- कुनै घाउ वा सुजन निको नहुने।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ।

जिल्ला जनस्वास्थ्य कार्यालय,
काठमाडौं, टेकू

## राजपाका बागीहरू पार्टीबाट निष्काशित

काठमाडौं। राष्ट्रिय जनता पार्टी नेपालका बागी उम्मेद्वारहरूलाई पार्टीबाट निष्काशित गरिएको छ। राजपा अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले बुधबार एक विज्ञप्ति जारी गरी पार्टीबाट दुई वर्षका लागि साधारण सदस्यसमेतबाट निष्काशित गरिएको जनाएका छन्।

राजपा र संघीय फोरमको चुनावी गठबन्धनको आधिकारिक उम्मेदवारहरूविरूद्ध स्वतन्त्र उम्मेदवारी दिने राजपाका सम्पूर्ण सदस्यहरूलाई आजैको मितिबाट दुई वर्षका लागि निष्काशित गरिएको संयोजक ठाकुरले विज्ञप्तिमार्फत् जनाएका छन्।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
**व्यवसायिक कृषि तथा व्यापार आयोजना**
सल्लाघारी, महाराजगंज, काठमाडौं
[IDA Credit 4603-NP and 61800 NP and IDA Grant H486-NP and 8130 NP]

**अनुदानग्राहीहरुलाई अत्यन्त जरूरी सूचना**

(सूचना प्रकाशन मिति : २०७३/१०/११)

यस आयोजनाको पुरक अनुदानको सहयोगमा संचालित तेश्रो र चौथो आव्हान अर्न्तगतका उप आयोजनाहरुको किस्ता भुक्तानी लिने र उप आयोजनाहरु सम्पन्न गरी सक्ने निम्न तालिकामा उल्लेख भए बमोजिम समय सिमा निर्धारण भएकोले निर्धारित समय सिमा भित्रै किस्ता भुक्तानी लिन र उप आयोजना सम्पन्न गर्न सम्बन्धित सबैको लागि अनुरोध गरिन्छ। साथै समय सिमा भित्र किस्ता भुक्तानी नलिएमा तथा उप आयोजना सम्पन्न नगरेमा सम्बन्धित उप आयोजनाहरु नै जवाफदेहि हुनु पर्ने र यस आयोजना जिम्मेवार नहुने व्यहोरा समेत अनुरोध छ।

| प्रस्ताव | किस्ता भुक्तानी लिने समय सिमा | अन्तिम किस्ता तथा उप आयोजना सम्पन्न गर्ने समय सिमा |
|---|---|---|
| तेश्रो आव्हान | दोश्रो किस्ता २०७३ फाल्गुण १७ गते भित्र | २०७४ असार १६ गते |
| चौथो आव्हान | पहिलो किस्ता २०७४ जेष्ठ ३१ गते भित्र | २०७४ पौष १६ गते |
| लघु अनुदान | | २०७४ असार १६ गते |


निर्वाचनमा उम्मेदवारले आफ्नो बारे सकारात्मक कुराहरू राख्नु त राम्रो, तर अर्काको बारेमा नकारात्मक प्रचार गर्नु राम्रो होइन। त्यस्तो कुराले मतदातामा आफ्नै बारेमा नराम्रो प्रभाव पर्ने हुन्छ। **गिरिशचन्द्र लाल**


उम्मेदवारहरूमाथि भईरहेका आक्रमण निर्वाचन भाँड्ने षडयन्त्रका अंग हुन्। सरकार संचालनको जिम्मेवारी लिएकाहरू के हेर्दैछन्, किन मौन बसिरहेका छन् ? कि तिनैका सहयोगी बन्दैछन् ? **ईश्वर पोखरेल**


यो चुनावपछी जस्तो नतिजा आउँछ, देशले जस्तो बाटो समाउँछ, त्यसका लागि अरू कोही होईन, हामी मतदाता नै जिम्मेवार हुनेछौ। अहिले नै सोचौ, पछि पछुताउने वा गाली गर्ने नगरौ। लोकतन्त्रमा देशको अवस्थाको मुख्य उत्तरदायित्व नागरिक आफैमा हुन्छ। **डम्बर खतिवडा**


मधेशीहरूले बोल्ने जस्तो सुनिने नेपाली लवजमा 'धनियाँ' र 'रामबिलास'को पुनर्गमन भएछ, यसपटक कृषि विकास बैंकको विज्ञापनमा। यस्ता घटियाँ, असंवेदनशील, र एउटा ठूलो समुदायलाई होच्याउने काम कसरी नेपाली मूलधारमा रहिरहन सक्छ ? किन स्विकारिन्छ यस्ता नश्लीय प्रवृत्तिलाई ? किन प्रश्न सोधिन्न ? **नारायण पोखेरल**


सिमान्तकृतहरूको आन्दोलनमा जतातत‍ै देखिने प्रवृति हो यो। दार्जिलिङ आन्दोलनमा गोर्खाहरू फुटदा कलकत्ता जित्ने, मधेश आन्दोलनमा मधेशीहरू फुट्दा काठमाडौं जित्ने। फरक यती छ, हाम्रो दार्जिलिङको आन्दोन र मधेश आन्दोलनलाई हेर्ने चश्मा फरक फरक हुँदारैछन्। **तुलानारायण साह**


सोझा मतदाताहरू उम्मेदवार आफ्नो घर दैलोमा आउँछन भनि कुरेर बस्दा रहेछन्। बाठाहरू उम्मेदवारकै घरदैलोमा पुगी सक्दारहेछन्। भोलि चुनाव जित्नेले कसको घरदैलोमा पुगेको सम्झनन् तर को आफ्नो घरदैलोमा आएको थिए, तिनलाई नै सम्झनछन् : नियम र नियति। **सुरेश ढकाल**


दाइजो भनेको पैतृक सम्पत्तिमा छोरीले लिने अधिकारको एक हिस्सा अंश मात्र हो, कुनै उपकार होईन। जो नितान्त सुकुम्बासी छन्, सुक्को सम्पत्ति छैन उसलाई राज्यले दाइजोको व्यवस्था गरोस्। **वीरेन्द्र के.एम**


शेरबहादुर देउवा सरकारले अध्यादेश ल्याएर गोविन्द केसीको माग पूरा गरे। ६ महिनामा ऐन नआए त्यसै खारेज हुन्छ। अध्यादेशलाई ऐन बनाएर पास गर्न यीनकै सरकार त चाहिएला। बाम गठबन्धनको सरकार आए मनमोहनको अनुमति रोक्नेगरी ऐन के ल्याउलान्। साजन झा


थुप्रै मधेशी र मुस्लिमलाई मार्न लगाउने नेपालगन्ज दाङका आरोपी तत्कालीन सिडिओ तिलकरामलाई तत्कालीन आपूर्ति मन्त्री राजेन्द्र महतोले आपूर्ति विभागका महानिर्देशक बनाएका थिए। दाङ तपाईंको निर्देशन र योजना भएको थियो कि तिलकरामसँग मोटो रकम लिनुभएको थियो ?? जनकपुरको जनता जान्न चाहन्छ। तिलकराम न त मधेशी थियो न त सहिद परीवार। **संजिव कुमार झा**


संविधान संशोधनको मुद्दा बोकेर भोट माग्न आउनेहरूसँग प्रादेशिक सिमांकनको स्पष्ट खाका माग्नु होला। एक मधेशभित्र कति प्रदेश ? **स्नेहा झा**

## कपिलवस्तुलाई चीनसम्म जोडछु : गुप्ता


कपिलवस्तु। कपिलवस्तु क्षेत्र नं. २ प्रतिनिधि सभाका वाम गठबन्धनका उम्मेदवार बृजेश कुमार गुप्ताले कपिलवस्तुलाई चीनसँग जोड्ने बताएका छन्। कपिलवस्तुलाई व्यापारिक मार्गको रूपमा विकास गरिने छ जसका लागि कपिलवस्तुको मर्जादपुर नाकालाई ढोरपाटन मार्गसँग जोडिने उनले बताए। मर्जादपुर खनुवानाकामा सूख्खावन्दरगाह (ठुलो भन्सार) निमार्ण गराउने आफ्नो योजना रहेको पूर्वसांसदसमेत रहेका गुप्ताले बताए। 'यो व्यापारिक मार्ग मात्र होइन पर्यटकीय मार्ग समेत बन्ने छ।' उनले भने।

## जनकपुरमा रंगशाला बन्ने

काठमाडौं। राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले ६ अर्बको लागतमा विविध खेलकुदको रंगशाला र बहुउद्देशीय कभर्डहल बनाउने बृहत् योजना अगाडि सारेको छ। त्यसैका लागि गुठी संस्थान प्रधान कार्यालय, त्रिपुरेश्वरले जनकपुर उपमहानगरपालिका-१४ रजौरको १६ बिघा १८ धुर जग्गा राखेपलाई उपलब्ध गराएको छ। गुठी संस्थानले ३० वर्षका लागि लिजमा राखेपलाई जग्गा उपलब्ध गराएको हो। उक्त जग्गामा फुटबल, क्रिकेट र हक्कीको अन्तर्राष्ट्रियस्तरको रंगशाला, कबड्डी, खो-खो र कुस्तीको प्रशिक्षण भवनका साथै अत्याधुनिक कभर्डहल बनाइने छ। सो क्षेत्रको नाम 'राम-जानकी रंगशाला' राखिनेछ। जग्गा उपलब्ध गराएबापत राखेपले संस्थानलाई वार्षिक ९ लाख रूपैयाँ भाडा उपलब्ध गराउने छ। उक्त भाडामा हरेक २ वर्षको अन्तरालमा १० प्रतिशतले वृद्धि हुने पनि सम्झौतामा उल्लेख छ।

## आईटीईसी र मौलाना आजाद दिवस मनाइयो


काठमाडौं। भारतीय संस्कृति केन्द्रको सहयोगमा काठमाडौंस्थित भारतीय दूतावासले भारतीय प्राविधिक र आर्थिक सहयोग कार्यक्रम (आईटीईसी) दिवस र मौलाना आजाद दिवस संयुक्त रूपमा आयोजना गरेको छ। संयुक्त रूपमा आयोजित दुवै दिवसमा नेपाल सरकारका शिक्षा सचिव मधुप्रसाद रेग्मी प्रमुख अतिथि रहनु भएको थियो। १२ आईटीईसीको पहिलो ब्याच सन् २०००मा भारत गएका थिए। त्यसपछिका वर्षहरूमा नेपालमा प्रस्तावित आईटीईसीको सीटहरूको संख्या सन् २०००मा १२ रहेकोमा सन् २०१६मा २५० पुऱ्याइएको छ। नेपाल सरकार तथा निजी विद्यालयका विद्यार्थीहरू आईटीईसीअन्तर्गत भारतका प्रख्यात शैक्षिक संस्थाहरूबाट कम्प्युटर, इन्जिनियरिङ्ग, पत्रकारिता, बैकिङ्ग, महिला सशक्तीकरण, शिक्षा, जलस्रोत, व्यापार योजना, एकाउन्ट, फाइनान्स आदि विषयमा अध्ययन गर्दै आइरहेका छन्। सन् २०००सम्म, नेपालबाट करिब १२५० सहभागीहरूले भारतको विभिन्न व्यावसायिक पाठ्यक्रममा भाग लिन पाएका छन्। यस्ता कार्यक्रमबाट नेपालको मानव संसाधनको विकासमा ठूलो योगदान पुगेको छ। यसै अवसरमा भारतका पहिलो शिक्षा मन्त्री मौलाना आजादको १२९ औं जन्म जयन्ती पनि मनाइएको छ। उहाँको जन्म दिनलाई भारतमा राष्ट्रिय शिक्षा दिवसको रूपमा पनि मनाइन्छ।

## नेपाल र भारतका सुरक्षा प्रमुखको बैठक सम्पन्न


रौतहट। अगामी मंसिर २१ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनलाई ध्यानमा राखेर नेपाल र भारतका सिमावर्ती क्षेत्रका सुरक्षा प्रमुखको बैठक भारतको सीतामढीमा सम्पन्न भएको छ।

सो दुईपक्षीय बैठकमा निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन, आपराधिक गतिविधि नियन्त्रण गर्न र निर्वाचन हुनुअघि ७२ घण्टासम्म नेपाल भारत सीमा बन्द गर्न सहमति भएको हो। रौतहट, सर्लाही र महोत्तरी जिल्लाका सुरक्षा प्रमुख र भारतीय सुरक्षा पदाधिकारीबीच सोमबार सम्पन्न दुई पक्षीय बैठकमा निर्वाचनलाई शान्तिपूर्वक सम्पन्न गराउन उक्त सहमति भएको नेपाली सुरक्षा अधिकारीले जनाएको छ।

शान्तिपूर्ण निर्वाचनका लागि सीमापारिबाट हुने आपराधिक गतिविधिलाई सूक्ष्म तरिकाले निगरानी गरेर त्यस्ता समूहलाई निरूत्साहित गर्न तथा सीमावर्ती भारतीय क्षेत्रमा उच्च सरक्षा सतर्कता अपनाएर सुरक्षा व्यवस्थालाई अत्यन्तै कडा पार्ने सहमति भएको रौतहटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले जानकारी दिए।

बैठकमा नेपालबाट अवैधरूपमा भारततर्फ जाने मदिरालाई नियन्त्रण गर्न, मानव बेचबिखन र नक्कली नोटको कारोबारलाई निरूत्साहित गर्न भारतीय पक्षले अनुरोध गरेको जनाएको छ। आपराधिक गतिविधि र लागुऔषध ओसार-पसारलाई नियन्त्रण गर्न दुबै देशका सुरक्षाकर्मीले समन्वय र सहकार्य गर्ने सहमति भएको प्रजिअ थापाले बताए।

कालाजार र मलेरिया सीतामढीमा उन्मूलन भए पनि सीमावर्ती क्षेत्रको तीनै जिल्लामा नोडल प्वाइन्ट बनाएर उक्त रोगका बिरामीमाथि विशेष निगरानी राख्न भारतीय पदाधिकारीहरूले बैठकमा आग्रह गरेका थिए। सीमावर्ति क्षेत्रमा भइरहेको अवैध कारोबारमाथि नियन्त्रण गर्न र भारतबाट आउने कालो भैँसी र नेपालबाट जाने सेतो गाईको तस्करीलाई पूर्ण रूपमा नियन्त्रण गर्न दुबै पक्षबीच सहमति भएको पनि प्रजिअ थापाले बताए। बैठकमा नेपालकातर्फबाट रौतहट, सर्लाही र महोत्तरीका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरी उपरीक्षक तथा राष्ट्रिय अनुसन्धान विभागका उपरीक्षकको सहभागिता थियो भने भारत सीतामढीका डिएम ब्रजकिशोर सदानन्द, प्रहरी उपरीक्षक हरिप्रसाद एस र एसएसबीका २० विं र ५१ वीं बटालियनका प्रमुखको सहभागिता रहेको जनाएको छ।

## सुरक्षा निकायद्वारा संयुक्त गस्ती

नेपालगञ्ज। आसन्न प्रतिनिधि तथा प्रदेशसभाको निर्वाचनलाई दृष्टिगत गर्दै बाँके प्रहरीले उच्च सुरक्षा सतर्कता अपनाउन थालेको छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित बनाउनका लागि जिल्लास्थित सुरक्षा निकायले भारतीय सुरक्षा निकायसँग सहकार्य गरी सतर्कता अपनाउन थालेको हो। सीमा पारीबाट हुनसक्ने अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न भारतीय सुरक्षा निकाय सशस्त्र सीमा बल एसएसबी, सशस्त्र प्रहरी र नेपाल प्रहरीले बाँकेको सीमामा संयुक्त गस्ती गरेका छन्। सीमामा हुने विभिन्न अपराधिक गतिविधि र चुनावमा नकारात्मक असर पार्नसक्ने उच्छृंखल तत्वमाथि निगरानी बढाउन संयुक्त गस्ती गरिएको हो। सशस्त्र प्रहरी बल बीओपी कालाबञ्जरका ईञ्चार्ज सशस्त्र प्रहरी निरीक्षक गंगाराम भट्ट, ईलाका प्रहरी कार्यालय हिरमिनियाका इञ्चार्ज प्रहरी नायब निरीक्षक प्रशाराम केसी र भारतस्थित मुन्शीपुर्वा एसएसबी क्याम्पका इञ्चार्ज अरबिन्द कुमारको नेतृत्वमा ७/७ जना गरी २१ जनाको टोलीले संयुक्त गस्ती गरेको हिरमिनियाका प्रहरी नायब निरीक्षक केसीले बताए। पहिलो चरणमा सीमा स्तम्भ नम्बर २६/१ देखि २७/१५ सम्म गस्ती गरिएको र यसलाई निरन्तरता दिने उनले जानकारी दिए।

## ५० जना साहित्यकार भारत जाँदै

काठमाडौं। नेपालबाट ५० जना साहित्यकार भारत जाने भएका छन्। भारतको उत्तर प्रदेशमा तीन दिनसम्म चल्ने मेरठ लिटरेरी फेस्टिभलको लागि नेपाली साहित्यकार भारत प्रस्थान गर्ने भएका छन्। भारतको यूपी स्थित मेरठ शहरमा मंसिर ८, ९ र १० गते हुन गइरहेको मेरठ लिटरेरि फेस्टिवल 'कान्तिधरा मेरठ साहित्यिक महाकुम्भ' मा नेपालका तर्फबाट सहभागिता जनाउने भएका छन्। सहभागी हुनेमा वरिष्ठ कवि लेखक तथा समाजसेवी वसन्त कुमार चौधरी, वरिष्ठ गजलकार डा. घनश्याम परिश्रमी, साहित्यकारहरू डा. श्वेता दिप्ती, सनत रेग्मी, आर आर चौलागाई, सूर्य लाकोजू, गणेश प्रसाद लाठ, ऋषि प्रसाद लामिछाने (गोर्खे साँइलो) लगायत देशभरबाट पचास साहित्यकारहरू भारत जाँदै छन्।

## आर्थिक समाचार

### नेपाल लाइफको उपशाखा कार्यालय झापाको चन्द्रगढीमा


काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले जीवन बीमाको बजार विस्तार गर्दै आफ्नो सेवाग्राहीहरूलाई गुणात्मक जीवन बीमा सेवा उपलब्ध गराउने उद्देश्यले झापाको चन्द्रगढीमा उपशाखा कार्यालय उद्घाटन गरेको छ। उपशाखा कार्यालय बीमा समितिका निमित्त कार्यकारी निर्देशक श्रीमान कार्कीले उद्घाटन गरेका हुन्। उक्त कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै बीमा समितिका निमित्त कार्यकारी निर्देशक कार्कीले जीवन बीमा क्षेत्रले केही समयदेखि अर्थतन्त्रमा उत्साहजनक योगदान पुर्‍याइहेको र यो क्षेत्रले बैंकिङ्ग क्षेत्रसँग स्वस्थ प्रतिस्पर्धा एवं परिपूरक क्षेत्रको रूपमा भूमिका निर्वाह गर्दै आएको बताए। उनले उपशाखा कार्यालयको स्थापनाबाट स्थानीय स्तरमा विमितले सेवा प्राप्त गर्ने र यसले बीमा बजारको विकासमा थप सघाउ पुग्ने बताए। यसैगरी, कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत विवेक झाले कम्पनीको बजार विस्तार रणनीतिअन्तर्गत चालु आ.व.मा शाखा तथा उपशाखा कार्यालय विस्तारमा जोड दिँदै आएको र प्रतिस्पर्धात्मक वातावरण एवं अग्रणी कम्पनीको नाताले विमितको सर्वोपरि हितका लागि आवश्यक मापदण्डहरू केके हुन् ती विषयहरूमा आम नागरिकहरूलाई जागरूक बनाउने उद्देश्य राखिएको बताए।

### मुस्ताङको लोमान्थाङमा थ्रीजी सेवा

नेपाल टेलिकमले मुस्ताङको लोमान्थाङमा शनिबारबाट थ्रीजी सेवा सञ्चालनमा ल्याएको छ। कम्पनीले करिब तीन हजार आठ सय मिटर अग्लो स्थानमा रहेको लोमान्थाङ गाउँपालिका-५ मा थ्रीजी बीटीएस राखेको छ। मुक्ति क्षेत्र गाउँपालिकाको चार हजार दुई सय ५० मिटर अग्लो स्थानमा अवस्थित घिउलाडाँडामा रिपिटर स्टेसन राखी माइक्रोवेब लिंकमार्फत बीटीएससँग सम्पर्क कायम गरिएको छ।






## क्षेत्रीय निर्वाचन कार्यालयको काठमाडौंका मतदाताहरूमा अनुरोध

यही मिति २०७४ साल मंसिर २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा सहभागी भई आफ्नो मताधिकारको प्रयोग गरी नागरिक कर्तव्यको पालना गरौं।






## मिथिला दर्शन टी.भी.

### कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं